# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ८६ | काठमाडौं | शनिबार, २ साउन २०८३ | Prabhab National Daily | Saturday, 18 July 2026 | www .prabhabonline .com | पृष्ठ ६ | मूल्य रू. ५ |-




काठमाडौँको तारकेश्वर नगरपालिका-१० मनमैजुबाट गत बुधबार ड्रोन क्यामराबाट लिएको काठमाडौँको घना बस्ती र विष्णुमती खोलाको दृश्य । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# देशभरका छ वटा राजमार्ग अवरूद्ध

■ प्रभाव संवाददाता

**काठमाडौं–** निरन्तरको वर्षासँगै आएको बाढीपहिरोका कारण देशभरका छ वटा राजमार्ग अवरूद्ध भएका छन् । नेपाल प्रहरीले उपलब्ध गराएको शुक्रबार साँझसम्मको तथ्यांकअनुसार बाढीपहिरो, डुबानलगायत कारणले छ वटा राजमार्ग अवरूद्ध भएका हुन् ।

बिपी राजमार्गअन्तर्गत खुर्कोट-नेपालथोक-कटुञ्जेबेँसीमा सञ्चालन हुने सम्पूर्ण सवारीसाधन आवागमनमा पूर्णरूपमा रोक लगाइएको नेपाल प्रहरीले जनाएको छ । बिपी राजमार्ग खण्डमा आइपर्ने सम्भावित बाढीलाई मध्यनजर गर्दै गत जेठ २२ गतेदेखि बेलुका ६:०० बजेदेखि बिहान ४:०० बजेसम्म सञ्चालन हुने सम्पूर्ण सवारीसाधन आवतजावतमा रोक लगाइएको हो । उक्त सडकमा बिहान ४:०० बजेदेखि बेलुका ६:०० बजेसम्म मात्र सवारीसाधन सञ्चालन हुने गर्दछन् ।

वर्षात्का कारण हुनसक्ने बाढीपहिरोको सम्भावित जोखिम न्यूनीकरण गर्ने उद्देश्यले मकवानपुरस्थित कान्ति लोकपथअन्तर्गत सञ्चालन हुने सवारीसाधन रातिको समयमा रोक लगाइएको छ । नेपाल प्रहरीका अनुसार बेलुका ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म सञ्चालन हुने सम्पूर्ण सवारीसाधन आवतजावतमा रोक लगाइएको हो ।

> ⏭ बाढीपहिरो, डुबानलगायत कारणले छ वटा राजमार्ग अवरूद्ध भएको नेपाल प्रहरीद्वारा जानकारी
>
> ⏭ बिपी राजमार्गअन्तर्गत खुर्कोट-नेपालथोक-कटुञ्जेबेँसीमा सञ्चालन हुने सम्पूर्ण सवारीसाधन आवागमनमा पूर्णरूपमा रोक
>
> ⏭ इलाम जिल्लामा पर्ने मेची राजमार्ग, अर्घाखाँची जिल्लाको सालझन्डी-ढोरपाटन सडक, सिन्धुपाल्चोकको अरणिको राजमार्गलगायत पूर्णरुपमा अवरूद्ध

केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले इलाम जिल्लामा पर्ने मेची राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको जानकारी दिए । 'वर्षात्का कारण गत असार २३ देखि इलामको इलाम नगरपालिका-९, राजदुवालीस्थित मेची राजमार्गमा बाटो हिलो भई सवारीसाधन आवतजावत गर्न नसक्ने भएकाले उक्त सडक पूर्णरूपमा अवरुद्ध भएको छ,' उनले भने ।

केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेले ढुंगासहितको पहिरोका कारण अर्घाखाँची जिल्लाको सालझन्डी-ढोरपाटन सडक पूर्णरूपमा अवरुद्ध भएको जानकारी दिए । गत असार २८ देखि अर्घाखाँचीको पाणिनी गाउँपालिका-२, ढुंगेखोलास्थित सालझन्डी-ढोरपाटन सडकमाथिबाट ढुंगा खसेर बाटो पूर्णरूपमा अवरुद्ध भएको उनको भनाइ छ ।

सिन्धुपाल्चोकको अरनिको राजमार्ग पहिरोका कारण पूर्णरूपमा अवरुद्ध छ । गत असार ३१ गते भोटेकोशी गाउँपालिका-४, जिरोकिलाअन्तर्गत अरनिको राजमार्गमा सडक माथिबाट पहिरो खसेर बाटो पूर्णरूपमा अवरुद्ध भएको नेपाल प्रहरीले जनाएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# असारमा घरजग्गाको अस्वाभाविक कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** आर्थिक वर्ष २०८२/८३ को अन्तिम महिना असारमा घरजग्गा कारोबार अस्वाभाविक देखिएको छ । ओरालो लागेको घरजग्गा कारोबारबाट यसअघिका महिनाहरूमा तीन अर्बदेखि छ अर्ब रूपैयाँसम्म राजस्व उठ्थ्यो ।

यसपटक भने असार महिनामै झन्डै १२ अर्ब राजस्व उठेको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार असारमा ११ अर्ब ८४ करोड ५९ लाख ५५ हजार ५६ रूपैयाँ राजस्व संकलन भएको छ ।

घरजग्गा व्यवसायी नै यो कारोबार अस्वाभाविक मान्छन् । नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरेले सरकारले लिएको नीतिकै कारण असारमा घरजग्गाको कारोबार अस्वाभाविक रूपले बढेको बताए । 'केही महिनापछि घरजग्गा बेच्छु भन्नेहरूले लाभकर जोगाउन कारोबार राफसाफ गरेका छन् । दुई प्रतिशत बढी लाभकर जोगाउन असारमै घरजग्गा किनबेच भयो,' घिमिरेले भने ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले गत जेठ १५ गते चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत पुँजीगत लाभकर बढाउने घोषणा गरेका थिए । अब साउनबाट घरजग्गाको स्वामित्व पाँच वर्ष वा सोभन्दा बढी भएको सम्पत्ति बिक्रीबाट नाफा कमाए साढे सात प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्ने भएको छ । यसअघि यस्तो घरजग्गा कारोबारमा पाँच प्रतिशत लाभकर तिरे पुग्थ्यो । यस्तै, पाँच वर्षभन्दा कमको स्वामित्व भएको घरजग्गा कारोबारमा हाल साढे सात प्रतिशत रहेको लाभकरलाई बढाएर १० प्रतिशत पुऱ्याइएको छ ।

यतिमात्र हैन, घरजग्गा व्यवसायीले असारमै घरजग्गा कारोबार गर्नुको अर्को कारण हो, कित्ताकाट । सरकारले वर्गीकरण नगरेका स्थानीय तहहरूमा अब वर्गीकरणपछिमात्र कित्ताकाट गर्ने निर्णय गरेको छ । अध्यादेशबाट ल्याइएको कित्ताकाट गर्न पाउने व्यवस्था साउन १ बाट सकिएको छ । यसै कारण कित्ताकाट कहिले खोल्ने हो टुंगो नलागेका कारण असारमै कारोबार गरेको नेपाल घरजग्गा एजेन्ट तथा एजेन्सी महासंघका अध्यक्ष विनोद सुवेदीले बताए । 'साउन लाग्नुअघि नै कित्ताकाट गराएर असारमा कारोबार गरेको देखिन्छ । कित्ताकाट असारमा घरजग्गा कारोबार उचालिनुको मुख्य कारण हो,' सुवेदीले भने ।

२०८२ कात्तिक २७ गते भूउपयोग (तेस्रो संशोधन) नियमावलीले भूउपयोग क्षेत्र वर्गीकरण नभएको स्थानीय तहमा कृषियोग्य जग्गाको संरक्षण गर्न स्थानीय भूउपयोग परिषद्ले कार्यान्वयन समितिको सिफारिसमा आफ्नो सिमानाभित्र २०८३ असार मसान्तसम्म चारकिल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने बाध्यकारी समयसीमा तोकेको थियो ।



> केही महिनापछि घरजग्गा बेच्छु भन्नेहरूले लाभकर जोगाउन कारोबार राफसाफ गरेका छन् । दुई प्रतिशत बढी लाभकर जोगाउन असारमै घरजग्गा किनबेच भयो
>
> ■ **विष्णुप्रसाद घिमिरे**
> अध्यक्ष, नेपाल जग्गा तथा आवास विकास महासंघ



> साउन लाग्नुअघि नै कित्ताकाट गराएर असारमा कारोबार गरेको देखिन्छ । कित्ताकाट असारमा घरजग्गा कारोबार उचालिनुको मुख्य कारण हो ।
>
> ■ **विनोद सुवेदी**
> अध्यक्ष, नेपाल घरजग्गा एजेन्ट तथा एजेन्सी महासंघ

देशभरका २४२ स्थानीय तहलेमात्र जग्गाको वर्गीकरण सकाएका छन् । अब कित्ताकाट गर्न जग्गाको वर्गीकरण देखाउनुपर्ने नभए घरजग्गा किनबेच र अंशबण्डा नै रोकिने भएको छ । दक्ष जनशक्ति नहुँदा स्थानीय तहले जग्गाको वर्गीकरण गर्न नसकेको जनप्रतिनिधिहरू बताउँछन् । अर्को समस्या हो, जुनसुकै जग्गालाई आवासीय जग्गाको वर्गमा राख्न दिइने दबाब । बढी मूल्य पर्ने भन्दै जस्तोसुकै जग्गालाई आवासीय जग्गामा राख्न दिइने दबाबले प्राविधिकहरूले काम गर्न सकिरहेका छैनन् ।

यसका कारण पनि घरजग्गा कारोबार अब रोकिने व्यवसायीहरू बताउँछन् । 'असारमा त फुकेको छ । अब साउनबाट सुक्छ,' एक व्यवसायीले भने । अघिल्लो आर्थिक वर्षको असारमा छ अर्ब ५५ करोड रूपैयाँबराबरको राजस्व संकलन भएको विभागले जनायो । जबकि आर्थिक वर्ष २०८०/८१ को असारमा चार अर्ब ६१ करोड २५ लाख रूपैयाँबराबरको राजस्व घरजग्गा कारोबारबाट संकलन भएको थियो ।

## गत आर्थिक वर्षमा उठ्यो आधा खर्ब राजस्व

गत आर्थिक वर्ष २०८२/८३ मा आधा खर्ब राजस्व घरजग्गा कारोबारबाट संकलन भएको छ । उक्त आवको जेठमा देशभरका भूमि प्रशासन कार्यालयले पाँच अर्ब २४ करोड ४२ लाख ५१ हजार रूपैयाँ राजस्व उठाएको थियो । वैशाखमा छ अर्ब २६ करोड ३८ लाख २९ हजार रूपैयाँ संकलन गरेको थियो ।

चैतमा छ अर्ब १६ करोड ५७ लाख ५० हजार, फागुनमा चार अर्ब १४ करोड बढी, माघमा पाँच अर्ब बढी, पुसमा पाँच अर्ब १७ करोड रूपैयाँभन्दा बढी घरजग्गा कारोबारबाट राजस्व उठेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# गत आवमा ४१ हजारभन्दा बढीले घट्यो वैदेशिक रोजगारीमा जाने संख्या

## आव २०८२/८३ मा कूल सात लाख ९७ हजार ८०२ जना विदेसिएको तथ्यांक

■ ममता थापा

**काठमाडौं–** गत आर्थिक वर्ष २०८२/८३ मा रोजगारीको खोजीमा झण्डै आठ लाख युवाले मुलुक छाडेका छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार उक्त आवमा सात लाख ९७ हजार ८०२ जना युवा वैदेशिक रोजगारीमा गएका हुन् । यो संख्या संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति लिएर जानेहरूको हो ।

गत आवमा श्रम स्वीकृति लिएका कूल संख्यामा सात लाख दुई हजार १०१ जना पुरुष र ९५ हजार ७०१ जना महिला छन् । विभागको तथ्यांकअनुसार आघिल्लो आव २०८१/८२ तुलनामा गत आवमा रोजगारीमा जानेको संख्या ४१ हजार ४६४ ले घटेको छ । आव २०८१/८२ मा आठ लाख ३९ हजार २६६ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए ।

गत भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि नेपालीहरूको प्रमुख रोजगार गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई)ले केही महिना रोजगारी बन्द गर्नु र गत फागुनदेखि मध्यपूर्व तनावग्रस्त बन्दा वैदेशिक रोजगारीमा जानेको संख्यामा केही कमी आएको पाइन्छ । गत आर्थिक वर्षमा प्रत्येक दिन औसतमा दुई हजार १८५ जनाभन्दा धेरै विदेसिएका छन् । आव २०८१/८२ मा यस्तो संख्या दुई हजार २९९ जनाभन्दा धेरै थियो ।




गत आवमा चार लाख नौ हजार ४५६ जना युवाले रोजगारीको खोजीमा पहिलोपटक मुलुक छाडेका छन् । पहिलोपटक रोजगारीमा जानेमा तीन लाख ५० हजार ८९८ जना पुरुष र ५८ हजार ५५८ जना महिला छन् । उक्त अवधिमा इजाजतप्राप्त संस्था (म्यानपावर) मार्फत दुई लाख ७१ हजार २२३ जना रोजगारीमा गएका छन् । म्यानपावरमार्फत गएकाहरूमा दुई लाख ४४ हजार पाँच जना पुरुष र २७ हजार २१८ जना महिला छन् ।

त्यस्तै, व्यक्तिगत श्रम स्वीकृति लिएर एक लाख २९ हजार ३१७ जना गएका छन् । जसमध्ये ९९ हजार ५०६ जना पुरुष र २९ हजार ८११ जना महिला रहेका छन् । तथ्यांकअनुसार व्यक्तिगत श्रम स्वीकृति लिएर रोजगारीमा जाने महिलाको संख्या बढी छ ।

गत आवको अन्तिम महिना असारमामात्रै ६९ हजार ३६२ जना रोजगारीका लागि विभिन्न मुलुक गएका छन् । जसमा ६० हजार ४६७ जना पुरुष र आठ हजार ८९५ जना महिला छन् । उक्त एक महिनामा ३९ हजार ३०८ जना पहिलोपटक श्रम स्वीकृति लिएर गएका छन् । जसमा ३३ हजार ४३० जना पुरुष र पाँच हजार ८७८ जना महिला छन् ।

विभागका अनुसार असार महिनामामात्र २३ हजार १३४ जना पुरुष र तीन हजार १९१ जना महिला गरी कूल २६ हजार ३२५ जना संस्थागत श्रम स्वीकृति लिएर गएका छन् । त्यस्तै, १२ हजार २८० जना व्यक्तिगत श्रम स्वीकृतिमा विदेसिएका छन् । जसमा नौ हजार ७५३ जना पुरुष र दुई हजार ५२७ जना महिला छन् । ५८९ जना भने जिटुजीमार्फत दक्षिण कोरिया र इजरायलको रोजगारीमा गएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा


**साउदीमा रोजगार** — कम्पनी : HAMAD M. AL RUGAIB & SONS TRADING CO.LTD.

पूर्व स्वीकृति मिति : २०८३/04/01 | LT. No. 345095 | चलानी नं. ६०२५८३९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४९,४९० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Car Driver | 10 | 0 | 1500 | ६१,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरूबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपाल टेलिभिजनको स्याटेलाइट ब्याण्डविथ खरिदमा साढे २० करोडभन्दा बढी हिनामिना



**काठमाडौं–** नेपाल टेलिभिजन (हाल, सार्वजनिक सेवा प्रसारण संस्था) को स्याटेलाइट ब्याण्डविथ खरिदसम्बन्धी छानबिन गर्न गठित अध्ययन समितिले सरकारलाई आफ्नो प्रतिवेदन बुझाएको छ।

समितिले शुक्रबार सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनासमक्ष बुझाएको प्रतिवेदनले विभिन्न समयमा भएका स्याटेलाइट ब्याण्डविथ खरिद तथा सम्झौतामा कानुनविपरीत कार्य, प्रक्रियागत कमजोरी, वित्तीय अनुशासन उल्लंघन तथा संस्थालाई आर्थिक हानि पुग्ने जस्ता गम्भीर प्रकृतिका कैफियत फेला परेको निष्कर्ष निकालेको छ।

स्याटेलाइट ब्याण्डविथ खरिदका सन्दर्भमा विभिन्न निकायमा परेका उजुरी, महालेखापरीक्षकको कार्यालयका प्रतिवेदन तथा सार्वजनिक सरोकारका विषयलाई आधार बनाएर सञ्चार मन्त्रालयले २०८३ जेठ २२ गते अध्ययन समिति गठन गरेको थियो। उक्त समितिले शुक्रबार मन्त्रालयलाई बुझाएको प्रतिवेदनमा विभिन्न अवधिमा भएका खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था उल्लंघन भएको तथा त्यसबाट नेपाल टेलिभिजनलाई आर्थिक नोक्सानी पुगेको उल्लेख छ। जसबाट करिब २० करोड ६१ लाख ७३ हजार रूपैयाँबराबरको हानिनोक्सानी भएको देखिएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार स्याटेलाइट ब्याण्डविथ भाडा खरिदका क्रममा प्रतिस्पर्धात्मक प्रक्रिया नअपनाई पुरानै दररेटमा सम्झौताको म्याद थप गरिएको, सेवा सुरु हुनुअघि नै भाडा भुक्तानी गरिएको, सेवा सुरु भएपछि पनि बढी रकमको बिल भुक्तानी गरिएको तथा लागत अनुमान अस्वाभाविक रूपमा बढाई आवश्यकताभन्दा बढी ब्याण्डविथ खरिद गरिएको पाइएको छ। सन् २०१२ मा प्राविधिक रूपमा असफल बोलपत्रदातालाई नै सेवा खरिदका लागि छनोट गरिएको गम्भीर विश्लेषणसहितको प्रतिवेदन समितिले मन्त्रालयलाई बुझाएको छ। त्यस्तै, प्रयोग गरिरहेको स्याटेलाइटको 'डिजाइन लाइफ' सकिने बेलामा सोही सेवा प्रदायकसँग थप १० मेगाहर्ज ब्याण्डविथ खरिद गर्नेगरी सम्झौता गरिएको प्रतिवेदनले औंल्याएको छ।

यस्ता कार्यका कारण विभिन्न अवधिमा नेपाल टेलिभिजनलाई आर्थिक क्षति पुगेको अध्ययन समितिले उल्लेख गरेको छ। त्यस्तै, स्याटेलाइट ब्याण्डविथको भुक्तानी प्रक्रियामा नेपाल सरकारको राजस्व खातामा जम्मा हुनुपर्ने कर तथा अन्य राजस्व दायित्वसमेत पूर्णरूपमा पालना नभएको प्रतिवेदनमा उल्लेख छ। यसले वित्तीय अनुशासन र राजस्व व्यवस्थापनमासमेत गम्भीर कमजोरी देखिएको समितिको निष्कर्ष छ।

अध्ययन समितिले सन् २०१२ को मूल सम्झौतादेखि त्यसपछिका पूरक सम्झौतासम्म संलग्न उच्च व्यवस्थापनका सदस्य तथा सञ्चालक समितिका पदाधिकारीले संस्थाको हितविपरीत निर्णय गरेको देखिएको उल्लेख गरेको छ। प्रतिवेदनमा उनीहरूले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा नेपाल टेलिभिजनलाई हानि पुग्ने गरी निर्णय गरेको भन्दै आवश्यक कारबाही प्रक्रिया अघि बढाउनका लागि सिफारिस गरिएको छ। सञ्चालक समितिले निर्णयमा हेलचक्र्याइँ गर्दा सन् २०२२ जुन ६ मा नेपाल टेलिभिजनको सबै च्यानल करिब ३० मिनेट प्रसारण बन्द भएको पनि प्रतिवेदनमा जनाइएको छ।

त्यस्तै, नेपाल टेलिभिजनभन्दा बाहिरबाट सञ्चालक समितिमा नियुक्त भएका पदाधिकारीलाई संस्थाभित्रका उच्च व्यवस्थापनबाट यथार्थपरक सूचना उपलब्ध नगराइएको तथा मन्त्रालय र नेपाल टेलिभिजनका प्राविधिक कर्मचारीले आफ्नो विज्ञताअनुसार जिम्मेवारी प्रभावकारीरूपमा निर्वाह नगरेको पनि प्रतिवेदनले औंल्याएको छ। लागत अनुमान तयार गर्ने क्रममा भएको लापरवाही तथा अस्वाभाविक निर्णयले संस्थालाई गम्भीर आर्थिक भार परेको निष्कर्ष अध्ययन समितिको छ।

नेपाल टेलिभिजनले आफ्ना च्यानल भू-उपग्रहमार्फत प्रसारण गर्न सन् २००२ देखि विदेशी स्याटेलाइट ब्याण्डविथ सेवा प्रदायक कम्पनीसँग निरन्तर रूपमा भाडा सम्झौता गर्दै आएको छ। *रासस*

# करार कर्मचारी व्यवस्थापनः सेवानिवृत्तलाई बिदाइ

**काठमाडौं–** सरकारले कुनै सरकारी सेवाबाट अवकाश र उपदान प्राप्त गरेका वा निवृत्तिभरण पाइरहेका करारमा कार्यरत कर्मचारीलाई शुक्रबारदेखि सेवा निरन्तरता नगरी बिदाइ गर्ने भएको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार सबै सरकारी निकायलाई सातबुँदे परिपत्र गर्दै हाल करारमा कार्यरत कर्मचारीलाई अर्को व्यवस्था नभएसम्मका लागि सम्बन्धित निकायमै करार सम्झौता गरी पूलमा राख्न निर्देशन दिएको छ। यसको एकीकृत विवरण भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अद्यावधिक गर्ने छ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपछि सम्बन्धित निकायले पूलमा राखिएका कर्मचारीमध्येबाटआवश्यकताअनुसार काममा लगाउनुपर्ने छ। नयाँ स्थापना भएका निकायमा सिर्जना हुने दरबन्दीमा वा कुनै निकायमा रिक्त भएको दरबन्दीमा करारमा काममा लगाउनुपर्ने भएमा नयाँ व्यक्तिलाई करारमा नलिई विभिन्न निकायमा पूलमा रहेका करारका कर्मचारीलाई सामान्य प्रशासन मन्त्रालयमार्फत माग गरी करार सम्झौता गरी काममा लगाउनुपर्ने छ।

विभिन्न मन्त्रालयअन्तर्गतका एकीकरण वा खारेज हुने निकायको हकमा एकीकरण वा खारेजीको प्रक्रिया नटुंगिएसम्म सम्पत्तिको संरक्षण, सुरक्षा र सम्पत्ति तथा दायित्वको हस्तान्तरण एवं फरफारक गर्ने प्रयोजनका लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति सम्बन्धित मन्त्रालयले यकीन गरी हाल सोही निकायमा करारमा कार्यरत कर्मचारीमध्येबाटै काममा लगाउने परिपत्रमा उल्लेख छ।

पूलमा बाँकी रहने करारका कर्मचारीका सम्बन्धमा आवश्यक व्यवस्था गर्न, आगामी दिनमा करारमा कर्मचारीलाई काममा लगाउँदा गरिने करार सम्झौतामा समेट्नुपर्ने न्यूनतम सेवासुविधाका सर्तका सम्बन्धमा र हाल करारमा कार्यरत कर्मचारीलाई स्वीकृत दरबन्दीबमोजिम करारमा काममा लगाउन नसकी सम्झौता अन्त्य गर्नुपर्दा उपलब्ध गराइने सेवासुविधाका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले एक महिनाभित्र अध्ययन गरी उपयुक्त विकल्प सिफारिस गर्ने मन्त्रालयका शाखा अधिकृत सञ्जिव नेपालद्वारा जारी परिपत्रमा उल्लेख छ। *रासस*


**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८।०८।०५ मा दर्ता भएको **प्रा.लि नं.२७७४४१** को **चन्द्रपुर हेल्थ केयर प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।०४ को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**काठ लिलाम बिक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०२**

कञ्चनपुर जिल्ला लालझाडी गा.पा.-५ स्थित अपि सा.व.उ.स. को वन क्षेत्रबाट उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल २५९ गोलिया थानको परिमाण ८०८.१८ क्यूफिट खयर जातको काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकोले खयर काठमा सुचिकृत ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२औं दिनमा दिउँसो ठिक १ बजेभित्र बिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा।व।उ।स। को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सा।व।उ।स। को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

दिवान सिंह धामी
अध्यक्ष, सम्पर्क नम्बरः ९८६२४६६८४३

**मोटरसाइकल हरायो**

मिति २०८३/०३/०१ गते अन्दाजी १० बजेको समयमा का.जि.तारकेश्वर नगरपालिका वडा नं.४ पुरानो गुहेश्वरीको घर बाहिर पार्किङ्ग गरेको अवस्थामा बा.प्र.०२-०२७ प ७६८३ नम्बरको कालो रङ्गको निम्न व्यहोरा भएको 200 सि.सि. को X- Pulse मोटरसाइकल हराएको हुदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी धनीः पेमा लामा**
**च्यासिस नं.:** MBLLDL010MGF00123
**इन्जिन नं.:** ML20AEMGF00722
**ठेगानाः बिदुर नपा, नुवाकोट**
**सम्पर्क नं.: ९८१३१८६४०३**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/०२**

**साहि एब्रोड गेट** को मिति २०८३/०३/२४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस. के. एजुकेशन कन्सल्टेन्सी बागबजार (दर्ता नं. १६८८७१)** कायम गर्ने गरी मिति २०८३/०३/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/०२ गते**

यस कम्पनीको मिति २०८२/०९/१० मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **जे.एम.डि. ग्लोबल प्रा.लि.** को नाम परिवर्तन गरी **जे.के. कम्पोसाईट्स नेपाल प्रा.लि. (दर्ता नम्बर ३८१६५४)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०९/१४ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मोटरसाइकल हरायो**

मिति २०८३/०३/३२ गते बिहान अन्दाजी २०:०० बजेको समयमा का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं.८ नारायणटार पार्किङ्ग गरेको अवस्थामा बा.प्र.०२-०६२ प ०६३३ नम्बरको कालो रातो रङ्गको निम्न व्यहोरा भएको 220 सि.सि. को पल्सर मोटरसाइकल हराएको हुदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी धनीः केसाङ तामाङ**
**च्यासिस नं.:** MD2A13EX95SCE-86248
**इन्जिन नं.:** DHKCSD-34122
**ठेगानाः हेलम्बु-७, सिन्धुपाल्चोक**
**सम्पर्क नं.:** 9851119081

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७८/११/२७ मा दर्ता भएको **प्रा. लि. नं. २८६२५१** को **सिड फण्ड भेन्चर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## पृष्ठ १ बाट क्रमशः

### असारमा...

त्यसअघि मंसिरमा पाँच अर्ब रूपैयाँ नजिक राजस्व संकलन हुँदा कात्तिकअघिका महिनाहरूमा भने राजस्व एकदमै न्युन उठेको विभागको तथ्यांकमा उल्लेख छ। कात्तिकमा पौने तीन अर्ब, असोजमा तीन अर्ब, भदौ र साउनमा भने सवा तीन अर्ब रूपैयाँ घरजग्गा कारोबारबाट राजस्व संकलन गरेको विभागले जनायो। यो चार महिनामा उठेको राजस्व आर्थिक वर्षको अन्तिम महिना असारमा उठेको राजस्व बराबर देखिन्छ।

#### इनरूवा भूमि प्रशासनमा सबैभन्दा धेरै कारोबार

गत असारमा भूमि प्रशासन कार्यालय इनरुवामा झन्डै तीन हजार लिखत पारित भएका छन्। सुनसरीको इनरुवा भूमि प्रशासन कार्यालयमा दुई हजार ९०३ वटा कारोबार हुँदा धरानमा ५३१ कारोबार भएको विभागको तथ्यांकमा उल्लेख छ। सुनसरीमा आर्थिक वर्षको अन्तिममा तीन हजार ४३४ लिखत पारित भएको देखिन्छ।

काठमाडौंका विभिन्न भूमि प्रशासन कार्यालय गरी चार हजार ८२२ लिखत पारित भएको छ। मोरङका तीन भूमि प्रशासन कार्यालयबाट तीन हजार ४३४ लिखत पारित हुँदा दाङका तीन भूमि प्रशासन कार्यालयबाट तीन हजार ८९५ लिखत पारित भएको विभागले जनायो। बाँके भूमि प्रशासन कार्यालयबाट दुई हजार ९३७ लिखत पारित हुँदा झापाका दुई भूमि प्रशासन कार्यालयबाट दुई हजार ९२१ लिखत पारित भएको देखिन्छ।

आर्थिक वर्षको अन्त्यमा ७० हजार ४८० लिखत पारित हुँदा कूल कारोबार एक लाख ९३ हजार २८ कारोबार भएका छन्। अघिल्लो असारमा ४६ लाख १७९ मात्र लिखत पारित भएका थिए। उक्त आर्थिक वर्षमा कूल एक लाख ३६ हजार ९३ कारोबार भएको थियो। आर्थिक वर्ष २०८०/८१ को असारमा लिखत पारित ५५ हजार ५२४ हुँदा एक लाख ५४ हजार ७२० कूल कारोबार भएको थियो।

### देशभरका छ...

त्यस्तै, शुक्रबार सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-२ कोदारीस्थित अरनिको राजमार्गअन्तर्गत इकुमा पहिरो जाँदा आवागमन बन्द भएको छ। उक्त खण्डमा सडकमाथिबाट ढुंगा माटोसहित लेदो खसेर आवागमन पूर्णरूपमा अवरुद्ध भएको छ।

बागलुङ कालीगण्डकी करिडोर पूर्णरूपमा अवरुद्ध भएको छ। शुक्रबार बागलुङ, जैमिनी नगरपालिका-८, बेलबगर कालीगण्डकी करिडोर सडकमाथिबाट ढुंगा र माटोसहितको पहिरो खसेर बाटो पूर्णरूपमा अवरुद्ध भएको नेपाल प्रहरीले जनाएको छ।

### गत आवमा...

असारमा रोजगारीमा जाने दक्ष श्रमिकको संख्या ४० हजार ३२० जना रहेको छ। सीपयुक्त भएर जानेहरूमा ३४ हजार ६०९ पुरुष र पाँच हजार ७११ जना महिला छन्। रोजगारीका लागि १७ हजार ८३१ जना अदक्ष कामदार परदेसिएका छन्। जसमा १५ हजार ७५६ जना पुरुष र दुई हजार ७५ जना महिला छन्। साथै, १० हजार ६६१ जना अर्धदक्ष, ८६ जना उच्च दक्ष र ४६४ जना व्यावसायिक कामदार रोजगारीमा गएका छन्।

#### प्रमुख गन्तव्य युएई

गत असारमा युवाहरू रोजगारीको खोजीमा १०० वटा मुलुक जाँदा सबैभन्दा धेरै युएई गएका छन्। मध्यपूर्वको तनावका कारण गत फागुनदेखि जेठसम्म मलेसिया प्रमुख श्रम गन्तव्य बन्दै आएकोमा खाडीको अवस्था सामान्य बन्दै जाँदा असारमा पुनः युएई नै प्रमुख गन्तव्य बनेको छ। उक्त महिनामा १३ हजार ३१८ जना पुरुष र दुई हजार ८०८ जना महिला गरी जम्मा १६ हजार १२६ जना युएई गएका छन्।

युएईपछि धेरै श्रमिक मलेसिया गएका छन्। गत महिना १३ हजार ४७० जना मलेसिया गएको तथ्यांक छ। जसमा १३ हजार १५९ जना पुरुष र ३११ जना महिला छन्। त्यस्तै, कतारमा ११ हजार ६३२, साउदी अरबमा नौ हजार ३६२ र कुवेतमा तीन हजार १८५ जना गएका छन्।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शनिबार, २ साउन, २०८३**

| | |
|---|---|
| **मेष** | साझेदारीका काममा सफलता मिल्ने सम्भावना छ। आफन्तसँग भेटघाटले मन प्रसन्न रहनेछ। |
| **वृष** | मेहनतअनुसार उपलब्धि प्राप्त हुनेछ। रिस र आवेग नियन्त्रण गर्न सके दिन सहज रहनेछ। |
| **मिथुन** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ। खर्च नियन्त्रणमा राखे आर्थिक सन्तुलन कायम रहनेछ। |
| **कर्कट** | परिवारसँगको सम्बन्ध अझ सुमधुर बन्नेछ। धैर्यका साथ काम गर्दा राम्रो परिणाम मिल्नेछ। |
| **सिंह** | लामो समयदेखि रोकिएको काम अघि बढ्ने संकेत छ। अनावश्यक विवादबाट टाढा रहनु उचित हुनेछ। |
| **कन्या** | आत्मविश्वास बढ्ने दिन छ। स्वास्थ्यमा सामान्य ध्यान दिनु राम्रो हुनेछ। |
| **तुला** | साथीभाइको सहयोगले महत्त्वपूर्ण काम सम्पन्न हुनेछ। नयाँ सम्बन्ध विस्तार हुन सक्छ। |
| **वृश्चिक** | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ। स्वास्थ्य, आराम र खानपानमा ध्यान दिनु लाभदायक हुनेछ। |
| **धनु** | कार्यक्षेत्रमा प्रशंसा र जिम्मेवारी दुवै बढ्न सक्छ। नयाँ योजना सुरु गर्न अनुकूल समय छ। |
| **मकर** | अध्ययन, अनुसन्धान वा सीप विकासमा प्रगति हुनेछ। आर्थिक निर्णय सोचविचार गरेर गर्नुहोस्। |
| **कुम्भ** | यात्रा वा नयाँ अनुभवको अवसर मिल्न सक्छ। सकारात्मक सोचले काममा सफलता दिलाउनेछ। |
| **मीन** | अधुरा काम पूरा गर्ने राम्रो अवसर मिल्नेछ। आर्थिक पक्ष क्रमशः बलियो बन्दै जाने संकेत छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२ साउन, २०८३ (१८ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५३.७२ | १५४.३२ |
| युरो | १ को | १७५.५१ | १७६.१९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.७८ | २०६.५९ |
| स्विस फ्रैन्क | १ को | १८९.५६ | १९०.३० |
| अस्ट्रेलियन डलर | १ को | १०७.३७ | १०७.७८ |
| क्यानाडियन डलर | १ को | १०९.३२ | १०९.७४ |
| सिङ्गापुर डलर | १ को | ११८.९६ | ११९.४३ |
| जापानी येन | १० को | ९.४७ | ९.५० |
| चिनियाँ युआन | १ को | २२.६९ | २२.७८ |
| साउदी अरब रियाल | १ को | ४०.९२ | ४१.०८ |
| कतारी रियाल | १ को | ४२.१६ | ४२.३३ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.८५ | ४२.०२ |
| मलेसियन रिङेट | १ को | ३७.६९ | ३७.८४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२९ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १५.८८ | १५.९४ |
| डेनिस क्रोनर | १ को | २३.४८ | २३.५७ |
| हङकङ डलर | १ को | १९.६१ | १९.६९ |
| कुवेती दिनार | १ को | ४९९.६६ | ५०१.६१ |
| बहराइन दिनार | १ को | ४०७.६९ | ४०९.२८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# तीनमहिने डेंगु सचेतना अभियान सुरु

**काठमाडौं (प्रस)–** शुक्रबारदेखि तीनमहिने डेंगु सचेतना अभियान सुरु भएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अनुसार अभियानअन्तर्गत सबै सार्वजनिक निकाय, कार्यालय, विद्यालय तथा सामुदायिक संस्थामा लामखुट्टेको प्रजननस्थल तथा बासस्थानको खोजी तथा नष्ट गर्न प्रत्येक हप्ता 'हरेक शुक्रबार, सफा शुक्रबार' कार्यक्रम सञ्चालन गरिने छ।



साउन, भदौ र असोज महिनामा वडा कार्यालय, टोल विकास संस्था, नागरिक समाज तथा सरोकार भएका निकायसँग समन्वय गरी प्रत्येक हप्ताको एक दिन समुदायको सहभागितामा 'लामखुट्टेको प्रजननस्थल तथा बासस्थान खोजी तथा नष्ट अभियान' सञ्चालन गरिने छ।

प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र रहेका अटो वर्कशप/ग्यारेज, कबाडी समान व्यवस्थापनस्थल, निर्माणाधीन भवन तथा पानी जम्ने सम्भावना भएका अन्य स्थानको नियमित अनुमगन गर्ने र जमेको पानीको निकास तथा व्यवस्थापन गर्नुपर्ने छ। डेंगुसम्बन्धी व्यवहार परिवर्तन ल्याउने उद्देश्यले विद्यालय तथा शैक्षिक संस्थामार्फत 'साथी शिक्षा कार्यक्रम' र 'विद्यालय सरसफाइ अभियान' सञ्चालन गरिने छ भने विद्यालय स्वास्थ्य निरीक्षण टोली गठन गरी नियमित सरसफाइको अवस्था अनुगमन गरिने छ।

इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको कीटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा. गोकर्ण दाहालले साउनदेखि डेंगुको संक्रमण विस्तारै बढ्दै जाने, भदौमा उच्च अवस्थामा पुग्ने, असोज/कात्तिकसम्म यसको जोखिम रहने भएकाले यी तीन महिनामा डेंगु सचेतना अभियान सञ्चालन गर्न लागिएको बताए।

डेंगुको बढी जोखिम हुने होटल, ग्यारेज, कबाडी व्यवस्थापन गर्ने स्थान, विद्यालय, सरकारी कार्यालयलगायत सार्वजनिकस्थललाई 'फोकस' गरेर सरसफाइ अभियान सञ्चालन हुने उनले जानकारी दिए। 'नागरिक तहसम्म सूचना सम्प्रेषण गर्नसके डेंगुलाई नियन्त्रण गर्न सकिन्छ, हामी आफैंले घरबाटै प्रयास गर्न गर्‍यौं भने संक्रमण कम गर्न सकिन्छ भन्ने अभिप्रायका साथ अभियान सञ्चालन भएको हो,' डा. दाहालले भने।

नेपालमा सन् २०२२ मा डेंगु संक्रमितको संख्या ५६ हजार थियो। सन् २०२३ मा ५२ हजार, सन् २०२४ मा ४६ हजार र सन् २०२५ मा यो संख्या घटेर आठ हजारमा सीमित भएको महाशाखाले जनाएको छ। 'सुरुमा डेंगुको संक्रमण धेरै नै रहृयो। तर, सूचनाको सम्प्रेषण, नागरिक तहमा सचेतनालगायत सबैको प्रयास भए, त्यसले प्रत्येक वर्ष कम हुँदै गइरहेको छ,' उनले भने।

स्वास्थ्य मन्त्रालयको निर्णयअनुसार आर्थिक वर्ष २०८२/८३ देखि देशव्यापी रूपमा 'साउन, भदौ र असोज महिनाः डेंगु सचेतना तीनमहिने अभियान' सञ्चालन हुँदै आएको छ। उक्त अभियानबाट डेंगु रोकथाम तथा नियन्त्रणसम्बन्धी जनचेतना अभिवृद्धि हुनाका साथै समुदायको सक्रिय सहभागितामार्फत डेंगु संक्रमण न्यूनीकरणमा सकारात्मक प्रभाव परेको मन्त्रालयले जनाएको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई परिपत्रमार्फत डेंगु रोग रोकथाम र नियन्त्रणका लागि वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था, सामुदायिक संस्था तथा सरोकार भएका निकायका प्रतिनिधिसँग समवन्य र सहकार्य गरी तीनमहिने अभियान सञ्चालन गर्न आग्रह गरेको छ।

# उपत्यका डुबानः मुख्य निकास साँघुरिँदा बढ्दो सास्ती



**काठमाडौं–** अनामनगर, नयाँ बानेश्वर, जमल, रानीवन तथा सिंहदरबारलगायत आसपासको क्षेत्र सामान्य वर्षामा पनि डुबानमा पर्ने क्रम रोकिएको छैन। बिहीबार मध्याह्नको वर्षापछि सो क्षेत्र जलमग्न हुँदा सवारी आवागमन प्रभावित बन्यो। यात्रुले लामो समय ट्राफिक अवरोधका कारण सास्ती व्यहोर्नुपर्‍यो।

यसप्रकारका समस्या बर्सेनि दोहोरिने गरेको भए पनि दीर्घकालीन समाधान हुनसकेको छैन। काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)का प्रवक्ता प्रकाशकुमार राईले माइतीघर क्षेत्र ओरालोमा पर्ने भएकाले बगेर आएको पानी सोही क्षेत्रमा जम्मा हुने गरेको जानकारी दिए।

उनले भने, 'माइतीघर क्षेत्रको ढल टुकुचा खोलातर्फ निकास हुने भए पनि वर्षाको समयमा टुकुचामा पानीको सतह बढेपछि ढलको पानी सहजरूपमा बग्न पाउँदैन। त्यसले सडकमा पानी जम्ने गरेको बताए। 'मुख्य समस्या ढल निकास प्रणालीमै छ। पुराना पाइप साना छन्,' प्रवक्ता राईले भने।

उक्त क्षेत्रमा रहेका अधिकांश ढलका पाइप पुराना, साँघुरा र तिनको क्षमता वर्षामा परेको पानीको बहाव धान्न पर्याप्त छैन। माइतीघर, न्युप्लाजा र सिंहदरबार आसपासको ढल व्यवस्थापनलाई एकीकृतरूपमा सुधार सम्बन्धमा छलफल भए पनि विस्तृत योजना कार्यान्वयन हुनसकेको छैन। तीव्र सहरीकरण, वर्षाको पानी छुट्टै निकास गर्ने प्रणालीको अभाव, पुराना ढलको सीमित क्षमता तथा नदी-खोलाको प्राकृतिक बहाव साँघुरिँदै जानु राजधानीमा डुबानको समस्या बढ्नुका प्रमुख कारण हुन्। *रासस*

# जनकपुरका अतिक्रमित पोखरी र डिल सात दिनभित्र खाली गर्न निर्देशन

**काठमाडौं (प्रस)–** जनकपुर उपमहानगरपालिकाभित्र रहेका राजगुठीअन्तर्गतका विभिन्न पोखरी तथा पोखरीका डिल क्षेत्रमा भएको अतिक्रमण सरकारले सात दिनभित्र हटाउन निर्देशन दिएको छ।

गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन-२०६२ कार्यान्वयन समितिले आज सार्वजनिक सूचना जारी गर्दै विशहरा पोखरी, दशरथ तालाउ, अर्गजा सर, रत्न सागर पोखरी, मुरली सर, दीर्घिका सर, गोडधोई पोखरीलगायतका जलाशय तथा तिनका डिल क्षेत्रमा भएका अनधिकृत संरचना र अतिक्रमण हटाउन निर्देशन दिएको हो।

समितिका अनुसार विभिन्न व्यक्ति तथा संस्थाले गुठीअन्तर्गतका पोखरी र तिनका डिल क्षेत्रमा अनधिकृतरूपमा संरचना निर्माण गरी भोगचलन गर्दै आएको पाइएको छ। सार्वजनिक सम्पत्ति तथा गुठीको जग्गा संरक्षण गर्ने उद्देश्यले अतिक्रमण हटाउन सूचना जारी गरिएको समितिले जनाएको छ।

सूचनामा तोकिएको समयभित्र अतिक्रमण हटाइएको नपाइए प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विगतका आयोग तथा कार्यदलका प्रतिवेदन कार्यान्वयनलाई तीव्रता दिएको छ। यसै क्रममा जनकपुर क्षेत्रका अतिक्रमित गुठी जग्गा, पोखरी तथा सार्वजनिक सम्पत्तिको संरक्षण अगाडि बढाएको मन्त्रालयले जनाएको छ।

# विधिपूर्वक मनाइयो साउने संक्रान्ति

**काठमाडौं (प्रस)–** असारभरि धान रोप्दा लागेको हिलो पखाली छालासम्बन्धी रोग नलागोस् भन्ने कामनाले शुक्रबार साँझ घरघरमा लुतो फाली साउने संक्रान्ति पर्व मनाइएको छ।

नेपालीले परम्पराअनुसार कागभलायो, कुकरडाइनो, लुतेझार, पानीअमला, कागती, अम्बा, नासपातीलगायत औषधिका रूपमा प्रयोग हुने वनस्पति राखेर कण्डारक नाम गरेका राक्षसको पूजा गरी बेलुकी अगुल्टो फाल्ने विधि छ। यसलाई लुतो फाल्ने भनिन्छ। यो विधि साउने संक्रान्तिको बेलुकी सम्पन्न गरिन्छ।

अधिकांश नेपाली खेतीपातीमा लाग्ने भएकाले असारभरि कृषि कर्ममा व्यस्त हुन्छन्। त्यस क्रममा हिलो, मैलोले लाग्ने छालासम्बन्धी रोग ठीक गर्न लुतो फाल्ने गरिएको धर्मशास्त्रविद्हरूको भनाइ छ।

लुतो फाल्दा आ-आफ्नो कूल परम्पराअनुसार नांलो ठटाउने, शंख फुक्ने, घण्ट बजाउने, ढोका बन्द गर्ने चलन नेपाली समाजमा छ। सूर्यले मिथुन राशिको भोग पूरा गरी कर्कट राशिमा प्रवेश गर्ने पहिलो दिन शुक्रबार देशभर साउने संक्रान्ति पर्व मनाइएको हो।

**दक्षिणायन सुरु**

साउनदेखि सूर्य दक्षिण हुँदै हिँड्ने भएकाले शुक्रबारदेखि नै दक्षिणायन सुरु भएको छ। माघ १ गते सुरु हुने उत्तरायण र साउन १ गते सुरु हुने दक्षिणायनका दिनलाई विशेषरूपमा मनाउने गरिन्छ। एक महिना काम गरेका किसानले साउन १ गते आफन्त जम्मा भई रमाइलो गरेर मनाएका छन्।

साउन महिनालाई विशेषरूपमा भगवान् शिवको पूजा गरेर मनाइन्छ। महिलाले हरियो चुरालगायत कपडा लगाएर प्रकृतिसँग नजिक भएको देखाउने गरेको धर्मशास्त्रविद् प्रा.डा. देवमणि भट्टराईले बताए। उनका अनुसार साउन महिनाभरि देशभरका शिवालय विशेषगरी पशुपतिनाथ मन्दिरमा भक्तजनको विशेष भीड लाग्छ।

साउन महिना शिवजीको मास र सोमबारलाई शिवको बार भनिन्छ। यसैले साउन महिना एवं सोमबार शिवालयमा भक्तजनको विशेष भीड लाग्ने गरेको हो। यस अवसरमा पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवालयमा शुक्रबार बिहानैदेखि भक्तजनको भीड लागेको छ।


**नेपाल राष्ट्रिय जातीय संग्रहालय**
भृकुटीमण्डप, काठमाडौं
NNEM NEPAL 1995 — Nepal National Ethnographic Museum

**साधारण सभा-२०८३ को सूचना**

(प्रकाशित मिति २०८३/04/02 गते)

नेपाल राष्ट्रिय जातीय संग्रहालयको विधान २०५१ (संशोधन - २०७५) को परिच्छेद-४ को दफा -४.२ अनुसार संग्रहालयको साधारण सभा-२०८३ निम्न मिति, समय र स्थानमा हुने भएकोले परिच्छेद-३ को दफा-३.३.२ अनुसारका सम्पूर्ण सदस्यहरूलाई उक्त सभामा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

संस्थाका प्रतिनिधिहरूले २०८३ श्रावण मसान्तभित्र संग्रहालयमा आधिकारिक रूपमा २ प्रति पासपोर्ट साइजको फोटो सहित सदस्यता नविकरण गराई सहयोग गरी दिन हुन समेत सूचित गरिएको छ।

**कार्यक्रम**

**मिति** : २०८३ भदौ ६ गते, शनिबार
**समय** : बिहान १०:३० बजे
**स्थान** : नेपाल पर्यटन बोर्डको सभा हल, भृकुटीमण्डप, काठमाडौं

(इन्दिरा जिमी)
महासचिव



**साउदीमा रोजगार** — कम्पनी : MODERN LINES INDUSTRIAL COMPANY,ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345147 | चलानी नं. ६०२५८३८५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MANUFACTURING WORKERS | 3 | 0 | 1000 | ४१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ९०४/०६७/०६८
**DECENT EMPLOYMENT PVT. LTD.**
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np



**साउदीमा रोजगार** — कम्पनी : VISION FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 344479 | चलानी नं. ६०२५७८१२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 4 | 0 | 1000 | ४१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १८९/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



**Zero Cost मा मलेसियामा रोजगार** — कम्पनी : SCIENTEX PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 340435 | चलानी नं. ६०२५३८६३

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 1 | 0 | 1700 | ६३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SCIENTEX GREAT WALL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 340436 | चलानी नं. ६०२५३८६४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 1 | 0 | 1700 | ६३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



**युएइमा रोजगार** — कम्पनी : ARABIAN INDUSTRIES L.L.C-ABUDHABI

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345096 | चलानी नं. ६०२५८३८८

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 3g Welder | 24 | 0 | 1500 | ६३,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Electrician | 12 | 0 | 1500 | ६३,०३५ | | | | | | | |
| 3. | Assistant Mechanic | 13 | 0 | 3000 | १२६,०६५ | | | | | | | |
| 4. | Assistant Steel Fixer | 24 | 0 | 1500 | ६३,०३५ | | | | | | | |
| 5. | Blacksmith | 6 | 0 | 1500 | ६३,०३५ | | | | | | | |
| 6. | Carpenter | 5 | 0 | 1500 | ६३,०३५ | | | | | | | |
| 7. | Gas Trubine Operator | 10 | 0 | 1500 | ६३,०३५ | | | | | | | |
| 8. | Occupational Health Technician | 1 | 0 | 6000 | २५२,१३५ | | | | | | | |
| 9. | Pipe Fitter | 23 | 0 | 1500 | ६३,०३५ | | | | | | | |
| 10. | Riggers | 22 | 0 | 1500 | ६३,०३५ | | | | | | | |
| 11. | Scaffolder | 18 | 0 | 1500 | ६३,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC No. 407/060/61
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np



**युएइमा रोजगार** — कम्पनी : ADVANCED RECRUITMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345122 | चलानी नं. ६०२५८३७०

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Boy | 9 | 0 | 1000 | ४२,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 70 | 0 | 1000 | ४२,०२० | | | | | | | |
| 3 | Cleaner General | 6 | 0 | 1000 | ४२,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**GOLDEN GLOW OVERSEAS PVT. LTD.** (Sampaanata Overseas Pvt. Ltd.)
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080



**युएइमा रोजगार** — कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 318849 | चलानी नं. ६०२३२९८४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER. | 24 | 0 | 1200 | ५०,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Chinari Overseas Pvt. Ltd.**
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website: chinarioverseas.com
Govt. License 1165/073/074



**साउदीमा रोजगार** — कम्पनी : QAMAR AL-YAMAMAH COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 344979 | चलानी नं. ६०२५८३४६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker/ Helper | 1 | 0 | 1000 | ४१,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ५७४/०६२/०६३
**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**मलेसियामा रोजगार** — कम्पनी : TOMAZ SHOES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345037 | चलानी नं. ६०२५८३८०

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 15 | 0 | 1700 | ६४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**ARCTIC OVERSEAS PVT. LTD.** (Artic International Pvt Ltd.)
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com
Govt. License No. 1781/082/083



**मलेसियामा रोजगार** — कम्पनी : UNITED OIL PALM INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३२/०४/०१ | LT. No. 345125 | चलानी नं. ६०२५८३८६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 6 | 0 | 1700 | ६४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC No. 157/056/57
**ASHUTOSH MANPOWER CONSULTANCY PVT. LTD.**
Basundhara - 3, Kathmandu, Nepal, Tel: +977-1-4959136, 4960446
E-mail : ashutoshmanpower.np@gmail.com, Web: www.manpowernepal.com



**साउदीमा रोजगार** — कम्पनी : USUL ALZIAMA COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345105 | चलानी नं. ६०२५८३७३

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Helper | 10 | 0 | 2500 | ४१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

उच्च पहाडी भेगका पाटन र खर्कमा फुल्ने बुकीफूल, लेकाली जनजीवन, वर्षात्मा हरियाली देखिने डाँडापाखा, रिमझिम वर्षा र बादलभित्र लुकामारी खेल्ने हिमालको सौन्दर्य नियाल्न पदयात्रीहरू मनसुन पर्खिरहेका हुन्छन् । यो याममा गरिने घुमफिरको अनुभव बेग्लै खालको हुने बताउँछन्, पदयात्री सन्दीप शर्मा । हालै पूर्वीरुकुमको भूमे गाउँपालिका-१ स्थित चुंग्रीबुकी पुगेर फर्किएका उनले त्यहाँका पाटनमा फुल्ने रंगीचंगी भुइँफूलले पर्यटकलाई लोभ्याउने गरेको बताए ।

# मनसुनमा घुम्ने रहर



**राम थापा**/गण्डकी

वर्षायामलाई पर्यटनमा बेमौसम (अफसिजन) मानिन्छ । सामान्यतया यो बेला पर्यटकीय गतिविधि न्यून हुने गर्छन् ।

प्रतिकूल हावापानी, विपद्को जोखिम, आवतजावतमा कठिनाइजस्ता कारणले मानिस हत्तपत्त घुमफिरमा निस्कँदैनन् । तर, केही यस्ता गन्तव्य छन्, जहाँको पर्यटन यही याममा बढी चलायमान हुन्छ । मनसुन पदयात्रामा बढ्दो आकर्षणले कास्कीको कोरी, बागलुङको ढोरपाटन, पूर्वीरुकुमको चुंग्रीबुकीलगायत गन्तव्यमा मध्यबर्खामा पनि पर्यटकीय चहलपहल बढेको हो ।

उच्च पहाडी भेगका पाटन र खर्कमा फुल्ने बुकीफूल, लेकाली जनजीवन, वर्षात्मा हरियाली देखिने डाँडापाखा, रिमझिम वर्षा र बादलभित्र लुकामारी खेल्ने हिमालको सौन्दर्य नियाल्न पदयात्रीहरू मनसुन पर्खिरहेका हुन्छन् । यो याममा गरिने घुमफिरको अनुभव बेग्लै खालको हुने बताउँछन्, पदयात्री सन्दीप शर्मा । हालै पूर्वीरुकुमको भूमे गाउँपालिका-१ स्थित चुंग्रीबुकी पुगेर फर्किएका उनले त्यहाँका पाटनमा फुल्ने रंगीचंगी भुइँफूलले पर्यटकलाई लोभ्याउने गरेको बताए ।

'फूलैफूलले ढाकिएका पाटन, भेँडीगोठ र नजिकबाट नियाल्न सकिने हिमाली सौन्दर्य यहाँका मुख्य आकर्षण हुन्,' उनले भने, 'छोटो दूरीको पदयात्रापछि पुग्न सकिने भएकाले पनि चुंग्रीबुकीमा पर्यटकको आवतजावत बढेको हो ।'

बागलुङ र पूर्वीरुकुमको सीमास्थल पातीहाल्नेदेखि पाँच किलोमिटरको पदयात्रामा चुंग्रीबुकी पुग्न सकिने शर्माले बताए । यो बेला चुंग्रीबुकी बागलुङको ढोरपाटनलगायत क्षेत्रमा देखिएको पर्यटकीय चहलपहलले नेपाल हरेक याम घुम्नका लागि उपयुक्त गन्तव्य हो भन्ने प्रमाणित गरेको उनको भनाइ छ ।

मनसुन पदयात्रामा जाँदा विशेष रूपमा चनाखो हुनुपर्ने र सोहीअनुसारको बन्दोबस्ती मिलाउनुपर्ने शर्माको सुझाव छ । 'बाढीपहिरोको जोखिम हुने भएकाले मौसमसम्बन्धी पूर्वसूचना र चेतावनीको सधैँ ख्याल गर्नुपर्छ, ज्यान जोखिममा पारेर यात्रा गर्नु हुँदैन,' उनले भने, 'अरू याममाभन्दा योबेला पदयात्राका लागि अलि बढी समय छुट्याउनुपर्छ ।'

चुंग्रीबुकीमा रहेको 'पहाडी आँगन क्याम्प'का सञ्चालक नवीन अधिकारीले मनसुन सुरु भएपछि पर्यटकको आगमन बढेको बताए । उक्त क्याम्पले चार हजार मिटर उचाइमा रहेको त्यस क्षेत्रमा पर्यटकलाई खाना र बासको सेवा दिँदै आएको छ ।

पर्यटकीय राजधानी पोखरादेखि एक दिनको यात्रामा चुंग्रीबुकी पुग्न सकिन्छ । मध्यपहाडी लोकमार्गबाट पर्वत, बागलुङ हुँदै पातीहाल्नेसम्म मोटर यात्रा र त्यहाँबाट पदयात्रा सुरु हुने अधिकारीको भनाइ छ । 'पोखरादेखि दुई दिनमै चुंग्रीबुकीको यात्रा पूरा गर्न सकिन्छ, मध्यपहाडी लोकमार्गसँग जोडिएकाले नेपालको जुनसुकै सहरबाट पनि यहाँ सजिलै आउन सकिन्छ,' उनले भने, 'काठमाडौंसहित टाढाटाढा पनि घुम्न आइरहनुभएको छ, यहाँ आउने धेरैजसो आन्तरिक पर्यटक नै हो ।' बागलुङ र रुकुमपूर्वको सीमास्थल पातीहाल्नेदेखि दुईदेखि तीन घण्टाको पदयात्रामा चुंग्रीबुकी पुग्न सकिन्छ ।

पर्यटकलाई दुई छाक खाना, खाजा र 'टेन्ट क्याम्प'मा एक रात सुतेकोसहित प्रतिव्यक्ति दुई हजार ५०० को प्याकेज तय गरिएको अधिकारीले बताए । एकरातमा ४५ जनासम्म पाहुना राख्न सकिने उनको भनाइ छ । अन्य कुनै होटल, रेस्टुराँ नभएकाले टेन्ट क्याम्प राखेर पर्यटकलाई सेवा प्रदान गरिएको अधिकारीले बताए ।

यात्रा ब्लगर दिव्या ढकाल पर्यटकले मनसुन याममा चुंग्रीबुकी, ढोरपाटनजस्ता गन्तव्य रोज्नुमा बुकीफूल र भेँडीगोठको आकर्षण मुख्य रूपमा जोडिएको बताउँछिन् । 'ढोरपाटन उपत्यका र बुकी क्षेत्रमा पाइने थरीथरीका फूल, भेँडीगोठ र रमणीय भू-बनोटले जोकोहीलाई लोभ्याउने गर्छ,' उनले भनिन् । विकास निर्माण र पर्यटकीय गतिविधि बढेसँगै पर्यावरण संरक्षणमा जोखिम बढेको उनको भनाइ छ ।

'यसअघि कहिल्यै मानिस नपुगेका ठाउँमा एकैपटक ठूलो संख्यामा पुग्दा त्यसले पारिस्थितिक प्रणालीमा असर पुग्छ,' ढकालले भनिन्, 'ढोरपाटनजस्ता ठाउँमा दिगो पर्यटनलाई अगाडि बढाउनुपर्छ, स्थानीयस्तरमा वातावरणीय संरक्षणका विषयमा सचेतनाको खाँचो छ ।' पर्यटकले जथाभावी फूल टिप्ने, फोहोर गर्ने प्रवृत्ति बढेको भन्दै यसलाई बेलैमा निराकरण गर्न नसके पर्यटनमा नकारात्मक असर पुग्ने उनको भनाइ छ । चार हजार मिटरमाथिसम्म विशाल क्षेत्रमा फैलिएका हरिया पाटन र खर्कले यो याममा बुकीको आकर्षण बढाउने गरेको छ ।

ढोरपाटन उपत्यका पनि अहिले रंगीचंगी भुइँफूलले सजिएको छ । वनफूलले ढाकिएको उपत्यकामा घोडा सयर गर्न पाउनु ढोरपाटनको अर्को आकर्षण हो । चार/पाँच वर्षयता मनसुन याममा ढोरपाटन घुम्ने पर्यटकको संख्या बढेको छ ।

फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालले पनि ढोरपाटन र बुकी क्षेत्रको प्रचारप्रसारमा व्यापकता ल्याएको हो । विशेषगरी शरद् र वसन्त ऋतुमा बढी पर्यटकीय गतिविधि गरेकामा पछिल्लो समय मनसुन याममा पनि पदयात्रामा जाने क्रम बढ्नुले नेपाल पर्यटनका लागि हरेक मौसममा उपयुक्त छ भन्ने देखाएको छ ।

ढोरपाटनको गर्पाछेडामा रहेको 'हाइअल्टिच्युड गोठ एण्ड टेन्ट स्टे'का सञ्चालक महेन्द्र घर्तीले ढोरपाटनको बुकी क्षेत्र घुम्नका लागि साउन-भदौ महिना उत्तम रहेको बताए । 'मनसुनमा हरेक हप्ता यहाँ नयाँ-नयाँ भुइँफूल फूल्ने गर्छ, यहाँ रहेका भेँडीगोठ र उत्तरपट्टि लहरै देखिने हिमशृंखला पनि पर्यटकलाई आकर्षित गर्ने गरेको छ,' उनले भने, 'अहिले दैनिक दुई/तीन सय पर्यटक यहाँ आउने गरेका छन् ।'

ढोरपाटन उपत्यकाबाट चारदेखि पाँच घण्टाको पदयात्रामा गर्पाछेडा पुग्न सकिन्छ । पर्यटकहरू त्योभन्दामाथि चार हजार २०० मिटरमा रहेको टीकाधारासम्म पुग्ने गरेको घर्तीले सुनाए । गर्पाछेडामा पर्यटकका लागि गोठस्टे र टेन्ट क्याम्पको व्यवस्था छ । घर्तीसहित सात जना व्यवसायीले त्यहाँ लगानी गरेका छन् । 'हामीले सञ्चालन गरेको गोठस्टे र टेन्ट क्याम्पमा एक रातमा ७० जनासम्म पाहुना राख्न सकिन्छ,' घर्तीले भने, 'प्रतिव्यक्ति दुई हजारदेखि दुई हजार ४०० सम्मको प्याकेजमा सेवा उपलब्ध गराएका छौं ।'

दुई हजार रूपैयाँमा एक छाक सादा खाना, खाजा, एक रात बास र ढोरपाटन सिकार आरक्षलाई तिर्ने पर्यटक शुल्कसमेत समावेश गरिएको छ । दुई हजार ४०० रूपैयाँ तिर्ने पर्यटकले खाना मासुसहितको सुविधा पाउँछन् । पदयात्रा गर्न नसक्नेका लागि ढोरपाटन उपत्यकाबाट घोडा सवारकोसमेत सुविधा उपलब्ध छ । घोडा व्यवसायीले तीन हजार ५०० रूपैयाँमा पर्यटकलाई गर्पाछेडासम्म पुऱ्याउँछन् । पर्यटक बढ्न थालेपछि आतिथ्य सेवादेखि फोहोर व्यवस्थापनसम्ममा चुनौती थपिएको घर्तीको भनाइ छ ।

कास्कीको मादी गाउँपालिका-१ मा पर्ने कोरी पनि मनसुन पदयात्रा लागि रोजाइको गन्तव्य हो । पर्यटकीय गाउँ सिक्लेसबाट पदयात्रा सुरु गरी अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै तीन हजार ८०० मिटरको कोरी लेक पुग्न सकिने सिक्लेसस्थित नमस्ने गेस्टहाउसकी सञ्चालक झरना गुरुङले बताइन् ।

'दुई दिनमा कोरीको पदयात्रा पूरा गर्न सकिन्छ, विशेष गरी मनसुन याममा यहाँ पर्यटक घुम्न आउँछन्,' उनले भनिन्, 'यो बेला फुल्ने थरीथरीका फूल, नजिकै देखिने हिमाली दृश्य र छिनछिनमा फेरिइरहने मौसम कोरी ट्रेकको आकर्षण हो ।' मनसुन याममा कोरीको प्राकृतिक सौन्दर्य पनि लोभलाग्दो हुने गरेको उनको भनाइ छ । सामाजिक सञ्जाल फेसबुक, टिकटकजस्ता माध्यमबाट कोरीको प्रवर्द्धनमा टेवा पुगेको उनले बताए । स्तरीय पदमार्गसहित पर्यटकीय सुविधा पनि उपलब्ध भएकाले कोरीको यात्रा सहज छ ।

सिक्लेस-कपुचे-कोरी पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आवतजावत बढेको हो । सिक्लेसबाट तस हुँदै कोरी र कपुचे हिमताल हुँदै कोरी जाने दुईटा पदमार्ग छन् । तीन दिनमा कोरी ट्रेक घुम्न सकिन्छ । पर्यटकीय गतिविधि बढेपछि कोरीमा होटल खुलेका छन् । ट्रेकिङ ऐजिन्सिज एसोसियसन अफ नेपाल (टान), गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले प्रचुर सम्भावना भएर पनि नेपालमा मनसुन याम केन्द्रित पर्यटकीय गतिविधि अपेक्षित रूपमा बढ्न नसकेको बताए । पर्यटनलाई बाह्रैमास चलायनमान बनाउने गरी नीति र प्रवर्द्धनका कार्यक्रम ल्याउनुपर्ने उनको भनाइ छ । *रासस*

# धार्मिक सम्पदामा जलवायु परिवर्तनको असर

**सुवास दर्नाल**/सोलुखुम्बु

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएका प्राकृतिक विपद्ले अब केवल हिमाल, हिमनदी, वनजंगल तथा भौतिक संरचनालाई मात्र नभई, मानव सभ्यता र स्थानीय समुदायले सयौं वर्षदेखि जोगाएर राखेका सांस्कृतिक सम्पदालाई असर गर्न थालेको छ ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा रहेको सोलुखुम्बुको खुम्बु क्षेत्रमा २०८१ साउन ३२ गते हिमताल विष्फोटपछि आएको बाढीले यसको एउटा टड्कारो उदाहरण प्रस्तुत गऱ्यो । जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका-५ स्थित थामेको माथिल्लो क्षेत्रमा रहेका दुईवटा हिमताल फुटेर आएको बाढीले घर, होटल, पुल, बाटो र कृषि जमिनमात्र तहसनहस बनाएन, बौद्ध धर्मवलम्बीको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक पहिचान बोकेका सयौं वर्ष पुराना माने, छ्योर्तेन तथा बौद्ध सम्पदामा अपूरणीय क्षति पुऱ्याएको छ ।

खुम्बु पासाङल्हामु-३ फाक्दिङदेखि नाम्चे तथा थामे क्षेत्रमा करिब २०० मिटर पदमार्ग कटान गर्दा करिब ६०० वर्ष पुरानो र एक हजार पाँच हजार थानभन्दा बढी सम्भोटा लिपिमा कुँदिएको ढुंगाको 'माने' बगाएको थामेका वडाध्यक्ष पासाङग्याल्जेन शेर्पाले बताए । सोही बाढीले थामेका २० घर तथा होटल लज, एउटा स्वास्थ्यचौकी र विद्यालय बगाएको थियो ।

स्थानीयहरू सयौं वर्षअघि पुर्खाले आफ्नै हातले ढुंगामा कलात्मक ढंगले कुँदेर बनाएका सांस्कृतिक सम्पदाको त्यो मौलिक स्वरूप र ऐतिहासिक मूल्य फर्काउन असम्भवजस्तै भएको बताउँछन् ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हिन्दूकुश-हिमालय क्षेत्र विश्व औसतभन्दा छिटो तातिरहेको छ । तापक्रम वृद्धिसँगै हिमनदी तीव्ररूपमा पग्लिरहेका छन् । हिमतालको आकार बढिरहेको छ । हिमताल विष्फोटजन्य बाढीको जोखिम पनि बढ्दै गएको छ । यसले हिमाली क्षेत्रका प्राकृतिक सम्पदासँगै सांस्कृतिक सम्पदालाई गम्भीर जोखिममा पारेको छ ।

सगरमाथा राष्ट्रिय निकुञ्ज जो युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत छ । यस क्षेत्रभित्र पर्ने थामे, खुम्जुङ, नाम्चे, फोर्चे, पाङबोचे, दिङबोचेलगायत प्राचीन गाउँहरूमा सयौं वर्ष पुराना गुम्बा, छ्योर्तेन र हजारौं संख्यामा मानेहरू छन् । भौगोलिक बनोटका कारण यीमध्ये धेरैजसो सम्पदाहरु नदी र खोलाको किनार, भिरालो पदमार्ग तथा बस्तीका मुख्य नाकामा अवस्थित छन् । यही कारणले गर्दा जलवायु परिवर्तनका कारण निम्तिने अनियमित र अत्यधिक वर्षा, आकस्मिक हिउँपहिरो, हिमताल विष्फोट र तीव्र भू-क्षयको पहिलो र उच्च जोखिममा यिनै अमूल्य सम्पदाहरु परिरहेका छन् ।



## के हो 'माने' ?

स्थानीय जानकार तथा पर्यटनविद् आङछिरिङ शेर्पाका अनुसार माने बौद्ध धर्मावलम्बीले सयौं वर्ष अगाडिदेखि आस्थाका साथ निर्माण गर्दै आएका ऐतिहासिक सांस्कृतिक संरचना हुन् । स्थानीय भाषामा यसलाई 'माने लांगा' भनिन्छ । यी मानेहरूमा बौद्धधर्मको पवित्र मन्त्र 'ॐ मणि पद्मे हूँ' र बुद्धका विभिन्न स्वरूपका उपदेश तथा चित्रहरू अंकित गरिएका हुन्छन् । परम्परा र स्थानीय जनविश्वास अनुसार यी मानेहरूलाई जहिले पनि दाहिने पारेर मात्र परिक्रमा गर्ने वा बाटो काट्ने गरिन्छ । यसरी श्रद्धापूर्वक परिक्रमा गर्दा वा माने चक्कालाई घुमाउँदा संसारमा शान्ति, करुणा र सकारात्मक ऊर्जा फैलिने विश्वास रहेको स्थानीय जानकार लामाकाजी शेर्पाको भनाइ छ ।

मानेको निर्माण प्रक्रिया निकै जटिल, पवित्र र श्रमसाध्य हुने स्थानीय जानकारहरू बताउँछन् । यसको निर्माण मुख्यतः तीन चरणमा पूरा हुन्छ । ढुंगाको छनोट र तयारी, मानेका लागि हिमाली क्षेत्रका बलिया, थेप्चा र सम्म परेका विशेष ढुंगा खोजिन्छ ।

स्थानीय कलाकार वा लामाहरूले एकाग्रताका साथ हातमा छिना र हतौडा लिएर ती ढुंगाका पाताहरूमा मन्त्र र बुद्धका आकृतिहरू खोप्छन् । यसरी ढुंगामा छिना धसेर मन्त्र कुँद्ने कार्यलाई बौद्ध परम्परामा निकै पवित्र धार्मिक कर्म मानिन्छ । मन्त्र कुँदिएका ती सयौं ढुंगाका पातालाई कलात्मक ढंगाले एकमाथि अर्को खप्टचाएर, बाटोको बीचमा वा गाउँको प्रवेशद्वारमा आकर्षक पर्खाल वा ढिस्कोको रूप दिइन्छ ।

सोसम्बन्धी जानकार आचार्यरिञ्जी छेपाल शेर्पाका अनुसार एउटा माने पर्खाल निर्माण हुन लाग्ने समय त्यसको आकार र ढुंगामा कुँदिने मन्त्रको संख्यामा भर पर्छ । ढुंगामा हातले छिनाका माध्यमबाट मन्त्र खोप्न अत्यधिक समय र धैर्यता चाहिन्छ । एउटै ठूलो ढुंगामा मन्त्र र बुट्टा भर्न कतिपय अवस्थामा हप्तौं लाग्छ । एउटा पूर्ण माने तयार गर्न महिनौंदेखि कतिपय अवस्थामा वर्षौंसम्म लाग्ने गर्दछ ।

कतिपय ऐतिहासिक ठूला माने पर्खालहरू त पुस्तौंदेखि थपिँदै र विस्तारित हुँदै सयौं वर्ष लगाएर आजको स्वरूपमा आइपुगेका हुन् । तर, जलवायु परिवर्तनका कारण थामे उपत्यकाजस्ता उच्च हिमाली क्षेत्रहरूमा अचानक आउने हिमताल विष्फोटनको बाढी र तीव्र भू-क्षयका कारण पुर्खाहरूले महिनौं र वर्षौं लगाएर बनाएका यी ऐतिहासिक मानेहरू सधैँका लागि विलीन हुने खतरा बढेको छ । स्थानीय बासिन्दाले यसलाई आफ्नो संस्कृति र पुर्खाको गौरवमय इतिहासमाथिकै ठूलो संकटका रूपमा लिएका छन् ।

क्रमशः पृष्ठ ५ मा

# साउनले जगाएको आस्था र हरियो रौनक

■ संगीता राई



**धरान (सुनसरी)**– धरान उपमहानगरपालिका-१६ की सुमना श्रेष्ठ साउन महिना सुरु भएसँगै हरियो चुरा र हरियो पोसाकमा सजिन्छिन् । उनले भनिन्, 'अरूबेला जस्तोसुकै कपडा लगाए पनि साउन लागेपछि हरियो चुरा, हरियो कुर्ता लगाउने र हातमा मेहेन्दी लगाउने गर्छु । महिला साथीहरू हरियो शृंगारमा सजिएको देख्दा धर्म र संस्कृतिप्रतिको सम्मान अझ बढेको महसुस हुन्छ । साउने सोमबार व्रत बसेर हरियो चुरा लगाउँदा मनमा खुसी, आनन्द र शान्तिको अनुभूति हुन्छ ।'

यो महिना महिलाहरूका लागि विशेष महत्त्व बोकेको महिना हो । हरियो चुरा, मेहेन्दी तथा हरियो र पहेँलो पहिरन सजावट वा फेसनका लागिमात्र नभई परम्परा, संस्कृति र धार्मिक आस्थासँग जोडिएको विषय हो । साउन सुरु भएपछि महिलामा छुट्टै उत्साह जाग्ने उनी बताउँछिन् । साउन महिना सुरु भएसँगै देशका विभिन्न स्थानका सहरहरूमा हरियो चुरा, मेहेन्दी र सोमबारे व्रतको रौनक छाएको छ । परापूर्वकालदेखि चलिआएको यो परम्परा अहिले धार्मिक आस्थामामात्र सीमित नरही आधुनिक फेसन, बजार अर्थतन्त्र र स्वास्थ्य सचेतनासँग पनि जोडिन थालेको छ ।

साउनको आगमनसँगै नेपाली हिन्दू समुदायमा विशेष उमंग र उल्लास छाएको छ । महिलाहरू हरियो, पहेँलो र रातो रङका पहिरन, चुरा तथा मेहेन्दीमा सजिएर धार्मिक आस्था प्रकट गरिरहेका छन् । शिवालयहरूमा सोमबारे व्रत बस्ने, पूजा-आराधना गर्ने तथा परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्ने भक्तजनको चहलपहल पनि निकै बढेको छ । धरानका भानुचोक, पुतलीलाइन, देशीलाइन, पुरानो बजारलगायतका क्षेत्रमा हरियो चुरा, मेहेन्दी र साउने शृंगार सामग्री किन्ने महिलाको भीड बढेको छ । साउन लागेसँगै सोमबारे व्रत, शिवपूजा र हरियो शृंगारले बजारमा विशेष रौनक थपिएको व्यवसायीहरू बताउँछन् ।

हिन्दू परम्पराअनुसार साउन महिनामा विशेषगरी सोमबारका दिन व्रत बसी भगवान् शिवको पूजा-आराधना गर्ने चलन रहिआएको छ । विवाहित महिलाका लागि साउन धर्म, संस्कृति र सौभाग्यको प्रतीकका रूपमा मानिन्छ । यस अवधिमा महिलाहरू व्रत बस्ने, शिव मन्दिरमा पूजा गर्ने, शाकाहारी भोजन गर्ने तथा हरियो चुरा, हरियो पोसाक र अन्य हरिया शृंगार सामग्री प्रयोग गर्ने परम्परा छ ।

धरान उपमहानगरपालिका-८ की सरिता बस्नेत साउने व्रतले अनुशासन, संयम र श्रद्धाको भावना विकास गराउने बताउँछिन् । उनले भनिन्, 'साउन लागेपछि हामी साथीहरूसँग हरियो चुरा र लुगा किन्छौं । महिनाभर सोमबारे व्रत बस्छौं र शिव मन्दिरमा पूजा-आराधना गर्छौं । हरियो रङलाई आशा, समृद्धि र नयाँ जीवनको प्रतीकका रूपमा लिइने भएकाले हरेक वर्ष उत्साहका साथ साउने शृंगार गर्ने गर्छौं । यसलाई सौभाग्य र प्रकृतिसँगको सामीप्यको प्रतीक पनि मानिन्छ ।'

साउनमा भगवान् शिवको आराधनाको विशेष समय हो । व्रत बस्ने, मन्दिर जाने, चुरा र मेहेन्दी लगाउने चलन पुरानै भए पनि समयसँगै यसको महत्त्व अझ बढ्दै गएको छ । अहिले धेरै महिलाले साउनलाई आत्मचिन्तन र आध्यात्मिक उन्नतिको समयका रूपमा पनि लिन थालेका छन् ।

इटहरी उपमहानगरपालिका-६ की सीता निरौला साउनलाई धार्मिक पर्वसँगै महिलाबीचको एकता र आत्मीयता बढाउने अवसरका रूपमा पनि लिन्छिन् । उनले भनिन्, 'साउनको हरेक सोमबार हामी समूहमा पूजा गर्छौं, भजन गाउँछौं र मन्दिर जान्छौं । यसले साथीभाइबीचको सम्बन्ध अझ बलियो बनाउँछ । व्रत बस्दा आत्मिक शान्ति मिल्छ भने हरियो चुरा, मेहेन्दी र पहिरनले हाम्रो संस्कृतिलाई जीवन्त राख्न मद्दत गर्छ । साउन महिना हामी महिलाका लागि साँच्चिकै विशेष लाग्छ ।' धार्मिक आस्था, सांस्कृतिक परम्परा, सामाजिक सद्भाव र आधुनिक जीवनशैलीलाई एकसाथ जोड्ने पर्वका रूपमा साउन महिना स्थापित हुँदै गएको छ । समयसँगै साउने शृंगार फेसनका रूपमा पनि लोकप्रिय बन्दै गए पनि यसको मूल आधार धर्म, संस्कृति र परम्परामै रहेको महिलाहरूको भनाइ छ ।

साउन महिनाको आगमनसँगै सुनसरीका प्रमुख व्यापारिक क्षेत्र इटहरीको हटिया लाइन, संगीत चोक, सुनसरीको झुम्का बजार तथा धरानका भानुचोक, सब्जीमण्डी, देशीलाइनलगायतका क्षेत्रमा रहेका चुरा तथा कस्मेटिक पसलमा उल्लेखनीय चहलपहल बढेको छ । हरियो चुरा, मेहेन्दी, पोते, टिकालगायतका साउने शृंगार सामग्री खरिद गर्ने महिला ग्राहकको भीड बढेसँगै बजार गतिविधि पनि रंगीन बनेको छ । व्यवसायीहरूका अनुसार साउन महिनामा चुरा, मेहेन्दी, टीका, बिन्दी, क्लिप, नेलपोलिस, सिन्दूरलगायतका शृंगार सामग्रीको बिक्री अन्य महिनाको तुलनामा उल्लेखनीयरूपमा बढ्ने गर्छ । विशेषगरी, विवाहित तथा किशोरी महिलामा हरियो चुरा र मेहेन्दीप्रति आकर्षण बढेकाले यतिबेला ती सामग्रीको माग उच्च रहेको धरानका व्यवसायी रमेश शाह बताउँछन् ।

धरानको सब्जीमण्डीमा चुरा पसल सञ्चालन गर्दै आएका विजय महर्जनका अनुसार साउन महिनामा हुने कारोबार अन्य महिनाको तुलनामा झण्डै दोब्बर नै हुने गरेको छ । उनले भने, 'साउन सुरु भएपछि बिहानैदेखि ग्राहकको घुइँचो लाग्न थाल्छ । अन्य महिनामा फाट्टफुट्ट ग्राहक आउने भए पनि साउनभर बिहानदेखि बेलुकासम्म चुरा लगाउने महिलाको भीड भइरहन्छ । हामीजस्ता साना व्यवसायीका लागि यो महिना विशेष व्यस्तता र राम्रो आम्दानी गर्ने अवसर पनि हो ।'

व्यापारीका अनुसार अहिले बजारमा काँचका चुरा प्रतिदर्जन ४० रूपैयाँदेखि ८० रूपैयाँसम्म तथा मेटलका चुरा १०० देखि १८० रूपैयाँसम्ममा बिक्री भइरहेको छ । साउन महिनामा मेहेन्दी लगाउने चलन पनि उत्तिकै बढ्दो छ धरानका ब्युटीपार्लर तथा सौन्दर्य सैलुनमा पनि सेवाग्राहीको चाप बढेको छ । धरान पुतलीलाइनमा ब्युटीपार्लर सञ्चालन गर्दै आएकी रीता राई साउन सुरु भएयता मेहेन्दी लगाउन आउने महिलाको संख्या दिन प्रतिदिन पार्लरमा बढ्दै गएको बताउँछिन् ।

साउनको शृंगार सौन्दर्यसँग मात्र सीमित छैन । हरियो चुरा, मेहेन्दी र हरियो पहिरनले धार्मिक आस्था, सांस्कृतिक परम्परा तथा नारीको सौभाग्यसँग जोडिएको सांस्कृतिक पहिचानलाई पनि झल्काउने गरेको छ । हरियाली मौसमसँगै साउने शृंगारले प्रकृति र संस्कृतिको सुन्दर संगम प्रस्तुत गर्ने गरेको छ । साउन वर्षा ऋतुको मध्य समय भएकाले असारमा रोपिएको धान खेतभरि हरियाली फैलिन थाल्छ । जताततै हरियाली छाउने भएकाले पनि यस महिनालाई हरियालीको प्रतीकका रूपमा लिने गरिन्छ । कृषकका लागि रोपाइँ सम्पन्न भएपछि केही फुर्सद मिल्ने र प्रकृतिसँग रमाउने समय पनि यही हो ।

हिन्दू परम्पराअनुसार साउन महिनामा विवाहित महिलाले श्रीमान्को दीर्घायु, पारिवारिक सुख शान्ति र समृद्धिको कामना गर्दै सोमबारे व्रत बस्ने, हरियो चुरा तथा मेहेन्दी लगाउने र भगवान् शिवको पूजा-आराधना गर्ने चलन छ । यही कारण साउन लागेसँगै सुनसरीका विभिन्न शिव मन्दिरमा भक्तजनको चहलपहल उल्लेखनीयरूपमा बढेको देखिन्छ । हरियो, पहेँलो र रातो रङका पहिरन तथा चुरा साउने शृंगारका प्रमुख आकर्षण हुन् । हिन्दू मान्यताअनुसार हरियो रङ हरियाली, आशा र समृद्धिको, पहेँलो पवित्रताको तथा रातो रङ सौभाग्यको प्रतीक मानिन्छ । यी रङको संयोजनमा महिलाहरू व्रत तथा शिवपूजामा सहभागी हुने परम्परा रहिआएको छ ।

धार्मिक मान्यताअनुसार देवी पार्वतीले भगवान् शिवलाई पति रूपमा प्राप्त गर्न कठोर व्रत बसेर हरियो शृंगारसहित आराधना गरेको विश्वास गरिन्छ । यही विश्वासका आधारमा नेपाली हिन्दू महिलाले साउन महिनालाई सौभाग्य, वैवाहिक सुख र पारिवारिक समृद्धिको प्रतीकका रूपमा मनाउने गरेका छन् ।

साउन सुरु भएसँगै धरान-१४ स्थित प्रसिद्ध पिण्डेश्वर महादेव मन्दिरमा पनि धार्मिक तथा सांस्कृतिक रौनक बढेको छ । विजयपुर डाँडामा अवस्थित पिण्डेश्वर मन्दिरमा साउन १ गतेदेखि सुरु भएको बोलबम मेला एक महिनाभर सञ्चालन हुन्छ । अहिले पिण्डेश्वर मन्दिरमा नेपाल तथा भारतका विभिन्न स्थानबाट आएका शिवभक्तको उल्लेखनीय भीड देखिन थालेको छ । भक्तजनहरू चतरास्थित सप्तकोशी नदीमा स्नान गरी खाली खुट्टा गेरुवस्त्र धारण गरेर पवित्र जल बोकी पिण्डेश्वर महादेवलाई जल अर्पण गर्न आउने परम्परा आज पनि निरन्तर रहेको छ । पिण्डेश्वर महादेव मन्दिरमा भगवान् शिवको 'अमृतपिण्ड'का रूपमा पूजा-आराधना गरिन्छ ।

धार्मिक मान्यताअनुसार समुद्र मन्थनबाट प्राप्त अमृतको अंशबाट यो मन्दिर स्थापित भएकाले यहाँ चढाइने जलले विशेष पुण्य प्राप्त हुने विश्वास छ । स्कन्द पुराणमासमेत यस क्षेत्रको महत्त्व उल्लेख गरिएको पाइन्छ । यही विश्वासका कारण हरेक वर्ष साउन महिनाभर, विशेषगरी सोमबारका दिन, हजारौं शिवभक्त पिण्डेश्वरमा पुगेर पूजा-आराधना गर्ने गर्छन् ।

हिन्दू धर्मशास्त्रमा साउन महिनालाई भगवान् शिवको प्रिय महिना मानिएको छ भने साउने सोमबारलाई विशेष फलदायी मानिन्छ । यसै अवसरमा धरानको पिण्डेश्वर महादेव मन्दिरमा लाग्ने 'बोलबम मेला' धार्मिक आस्था र भक्तिभावको प्रमुख केन्द्रका रूपमा परिचित छ । 'हर हर महादेव' र 'बोलबम' को जयघोष गर्दै भक्तजन समूह-समूहमा पैदलयात्रा गरी चतरास्थित सप्तकोशी नदीबाट पवित्र जल बोकेर पिण्डेश्वरमा आई शिवलिंगमा जल अर्पण गर्ने परम्परा निरन्तर छ । भारतको बिहारस्थित देवघरको वैद्यनाथधाम मन्दिरमा बोलबम मेलाको पुरानो परम्परा रहेपनि २०४२ सालदेखि धरानको पिण्डेश्वर महादेव मन्दिरमा पनि बोलबम मेला सञ्चालन हुँदै आएको छ । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## ६०० पुराना 'माने' बाढीको भेलमा विलीन

खुम्बु पासाङल्हामु गाउँपालिका-५ का वडाध्यक्ष पासाङग्याल्जेन शेर्पाका अनुसार थामे खोलामा आएको सो आकस्मिक बाढीले करिब पाँच वटा फरक-फरक स्थानमा रहेका झण्डै एक हजार ५०० वटा ऐतिहासिक मानेहरू पूर्ण वा आंशिकरूपमा नष्ट गरेको छ । 'यी सामान्य ढुंगाका टुक्राहरू होइनन्,' वडाध्यक्ष शेर्पाले भने, 'बौद्ध धर्मको पवित्र सम्भोटा लिपिमा मन्त्रहरू कुँदिएका करिब ६०० वर्ष पुराना ऐतिहासिक मानेहरू थिए । तीमध्ये धेरैजसोलाई बाढीको भयानक लेदोले बगायो । केही मानेहरू खोलाको बगरमा यत्रतत्र छरिएका भेटिए पनि अधिकांश त बालुवा र ढुंगामुनि पुरिएर बेपत्ता भए ।'

केही ठूला ढुंगाहरूमा 'ॐ मणि पद्मे हूँ' लगायत बौद्ध मन्त्रहरू अत्यन्तै मिहीन र कलात्मक ढंगले कुँदिएका थिए । ती केवल धार्मिक आस्थाका प्रतीकमात्र थिएनन्, बरु हिमाली शेर्पा समुदायको इतिहास, कला, लिपि र पहिचानका जीवित दस्तावेज थिए, जसलाई बाढीले बगाएर लगेको उनको भनाइ छ । उनका अनुसार मानेः ढुंगामात्र होइन, हिमाली सभ्यताको जीवन्त अभिलेख हिमाली बौद्ध समुदायमा 'माने'को स्थान विशेष र अद्वितीय छ । प्राकृतिकरूपमा प्राप्त हुनेसम्म परेका ढंगाहरूमा सम्भोटा लिपि प्रयोग गरी बुद्धका शिक्षाहरू र मन्त्र कुँदेर बाटोको छेउमा, बस्तीको प्रवेशद्वारमा, गुम्बाहरूको वरिपरि तथा पवित्र तीर्थमार्गहरूमा लहरै राख्ने परम्परा शताब्दीऔं पुरानो भएको नाम्चेका ल्हाक्पानुरु शेर्पाले बताए ।

बौद्ध धर्मावलम्बीहरू यात्रा गर्दा वा दैनिक आवतजावत गर्दा यी मानेहरूलाई जहिले पनि आफ्नो दायाँतर्फ पारेर परिक्रमा गर्दै श्रद्धा व्यक्त गर्दछन् । यात्राको शुभारम्भदेखि अन्त्यसम्म मानेले मानिसलाई आध्यात्मिक ऊर्जा, मानसिक शान्ति र सकारात्मक सोच प्रदान गर्ने जनविश्वास रहिआएको स्थानीय जानकार स्पिडकाजी शेर्पाको भनाइ छ ।

उनले भने, 'प्रत्येक मानेमा देखिने अक्षरहरू कुनै मेसिनले होइन, मानिसले हातैले छिना र घनको सहायताले बनाएका हुन्, तर अब थामे क्षेत्रको ती संरचनाहरू हामीसँग छैनन् ।' इतिहासकारहरूका अनुसार हिमाली क्षेत्रमा रहेका धेरैजसो मानेहरू १५औं र १६औं शताब्दीदेखि निर्माण भएका थिए ।

### थामेको प्रवेशद्वारमा क्षति

थामे गाउँ प्रवेश गर्ने मुख्य नाकामा बौद्ध परम्परा र वास्तुकलाअनुसार निर्माण गरिएको एउटा अत्यन्तै आकर्षक एवं भव्य धार्मिक प्रवेशद्वार रहेको थियो । थामे खोलाको भीषण बाढीले उक्त ऐतिहासिक प्रवेशद्वारलाई जोगाउन सकेन । त्यसको अधिकांश भाग भत्काएर बगायो । स्थानीय जानकार कर्मा शेर्पाका अनुसार उक्त प्रवेशद्वार सिंगो थामे गाउँको सांस्कृतिक सौन्दर्य र पहिचानको मुख्य प्रतीक थियो ।

सगरमाथा क्षेत्रमा आउने विदेशी पर्यटकहरू गाउँ प्रवेश गर्नासाथ यही प्रवेशद्वारको अगाडि उभिएर तस्वीर खिच्ने, यहाँको मौलिक संस्कृतिको स्वाद लिने र बौद्ध परम्पराबारे जानकारी बटुल्ने गर्दथे । तर, आज त्यो स्थान पहिचानविहीन जस्तै बनेको छ । ऐतिहासिक थामे गुम्बा र आसपासका संरचनामा परेको असरथामे गाउँ समुद्री सतहबाट करिब तीन हजार ८०० मिटरको उचाइमा अवस्थित छ ।

थामे खुम्बु क्षेत्रकै सबैभन्दा पुरानो (करिब ३५० वर्षभन्दा पुरानो) ऐतिहासिक थामे गुम्बाका कारणले पनि प्रसिद्ध छ । यद्यपि, मुख्य गुम्बाको भवन अलिकति उचाइमा रहेका कारण बाढीको प्रत्यक्ष चपेटाबाट जोगिन सफल भयो । गुम्बापरिसरका कतिपय संरचनाहरू जोखिममा परेपछि सो समयमा त्यहाँभित्र रहेका प्राचीन मूर्तिहरू, बहुमूल्य थाङ्का पेन्टिङहरू र पवित्र धर्मग्रन्थलाई हतारहतार सुरक्षित स्थानमा सार्नुपर्‍यो । यसलाई स्थानीयहरूले इतिहासकै दुःखद 'सांस्कृतिक विस्थापन'का रूपमा लिएका छन् ।

हिमाली पर्यटनमा प्रत्यक्ष र दीर्घकालीन धक्का सगरमाथा राष्ट्रिय निकुञ्ज र यस आसपासको क्षेत्र विश्वकै सबैभन्दा चर्चित पदयात्रा र पर्वतारोहण गन्तव्य हो । यहाँ बर्सेनि आउने हजारौं विदेशी पर्यटक केवल हिउँका टाकुरा र हिमाल हेर्नमात्र आउँदैनन्, उनीहरू त यहाँको जीवन्त शेर्पा संस्कृति, प्राचीन गुम्बा, माने, छचोर्तेन, प्रार्थना चक्र तथा हिमाली बौद्ध जीवनशैलीको प्रत्यक्ष अनुभव लिनका लागि लाखौं खर्च गरेर आउने गर्छन् ।

नाम्चेका स्थापित पर्यटन व्यवसायी तथा स्थानीय लामाकाजी शेर्पाका अनुसार यस्ता धार्मिक तथा सांस्कृतिक सम्पदामा पुगेको ठूलो क्षतिले यहाँको पर्यटन व्यवसायमा गम्भीर धक्का पुर्‍याएको छ । 'थामेका पुराना माने, छचोर्तेन र परम्परागत धार्मिक संरचना हेर्नकै लागि धेरै विदेशी पर्यटकहरू यो मार्गमा आउने गर्थे,' शेर्पाले चिन्ता व्यक्त गर्दै भने, 'अहिले ती ऐतिहासिक सम्पदाहरू बगिसकेपछि पर्यटकहरूले जुन मौलिक सांस्कृतिक दृश्यको अपेक्षा गरेका हुन्छन्, त्यो पाउन छाडेका छन् । यसले उनीहरूको बसाइ र अनुभव दुवैलाई खिन्न बनाएको छ ।'

प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाको अनुपम संयोजन नै खुम्बु क्षेत्रको मुख्य विशेषता हो । यदि जलवायु परिवर्तनका नाममा हाम्रा सांस्कृतिक सम्पदा यसरी नै क्रमशः हराउँदै र मासिँदै जाने हो भने हिमाली पर्यटनको साख र आकर्षण भविष्यमा निकै कमजोर हुनसक्ने चिन्ता व्यवसायीहरूमा बढेको छ ।

पुनर्निर्माणको बाटोमा उभिएका जटिल चुनौतीहरू बाढीको विपद् कम भएपछि वडा कार्यालयले स्थानीयको सहयोगमा खोलाको बगरमा बगाएका ती मानेका ढुंगाहरू खोज्ने र संकलन गर्ने अथक प्रयास गरेको थियो । केही मानेहरू फेला परे पनि अधिकांश त नदीको गहिरो बहावमा बेपत्ता भइसकेका छन् । तर, भेटिएका मानेहरूलाई पनि पहिलेकैजस्तो स्वरूपमा पुनःस्थापना गर्नु फलामको च्युरा चपाउनुसरह बनेको खुम्बु पासाङल्हामु गाउँपालिका-५ का वडाध्यक्ष पासाङग्याल्जेन शेर्पाले बताए ।

उनका अनुसार अहिले पुनर्निर्माणको मार्गमा सबैभन्दा ठूलो चुनौती भनेको ढुंगामा सम्भोटा लिपि र कलात्मक मन्त्रहरू कुँद्नसक्ने दक्ष जनशक्तिको चरम अभाव हुनु हो । 'हाम्रा अघिल्ला पुस्तामा यस्ता ढुंगा कुँद्ने र मन्त्र लेख्ने कलाकारहरू (कालीगढ) गाउँगाउँमा धेरै हुनुहुन्थ्यो,' उनले भने, 'तर आधुनिकताको प्रभाव र बसाइँसराइले गर्दा नयाँ पुस्तामा त्यो पुरानो सीप र ज्ञान लोप हुने अवस्थामा पुगिसकेको छ । अहिले नयाँ माने बनाउन चाहेर र पैसा खर्च गर्न तयार भएर पनि ढुंगामा अक्षर कुँद्ने दक्ष व्यक्ति पाउनै गाह्रो छ ।'

सांस्कृतिक सम्पदा संरक्षणका क्षेत्रमा काम गर्ने विज्ञहरूका अनुसार यो केवल थामे गाउँकोमात्र समस्या होइन । समग्र नेपालका हिमाली क्षेत्रमा परम्परागत प्रविधिबाट ढुंगा कुँद्ने, धार्मिक भित्तेचित्र बनाउने र पुरानो शैलीमा काठ र माटोको काम गर्ने मौलिक जनशक्ति दिनानुदिन घट्दै गइरहेको छ । नेपाल र समग्र हिन्दूकुश हिमालय क्षेत्रका हिमनदी पग्लने दरबारे इसिमोड तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय वैज्ञानिक संस्थाहरूले गरेका हालैका अध्ययनहरूले अत्यन्तै चिन्ताजनक र डरलाग्दो तथ्यहरू सार्वजनिक गरेका छन् ।

नेपालको राष्ट्रिय औसत वृद्धिः नेपालको वार्षिक औसत अधिकतम तापक्रम ०.०५६ सेन्टिग्रेडका दरले बढिरहेको छ । तराईको तुलनामा हिमाली क्षेत्रमा तापक्रम वृद्धि दर बढी रहेको सो अध्ययनले देखाएको छ । हिमाली क्षेत्रमा यो दर वार्षिक करिब ०.०६ सेन्टिग्रेड देखि ०.०८६ सेन्टिग्रेडसम्म मापन गरिएको छ । जलवायु विज्ञहरूले हिमाली क्षेत्रमा विश्वव्यापी तापमान वृद्धिलाई नियन्त्रण गर्न नसकिएमा आगामी दशकमा यस्ता अकल्पनीय घटना अझ बढ्नसक्ने चेतावनी निरन्तर दिइरहेका छन् ।

### सगरमाथा क्षेत्रका अन्य सम्पदा पनि उच्च जोखिममा

सगरमाथा राष्ट्रिय निकुञ्ज जो युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत छ । यस क्षेत्रभित्र पर्ने थामे, खुम्जुङ, नाम्चे, फोर्चे, पाङबोचे, दिङ्बोचेलगायत प्राचीन गाउँहरूमा सयौं वर्ष पुराना गुम्बा, छचोर्तेन र हजारौंको संख्यामा मानेहरू छन् । भौगोलिक बनोटका कारण यीमध्ये धेरैजसो सम्पदाहरू नदी र खोलाको किनार, भिरालो पदमार्ग तथा बस्तीका मुख्य नाकामा अवस्थित छन् । यही कारणले गर्दा जलवायु परिवर्तनका कारण निम्तिने अनियमित र अत्यधिक वर्षा, आकस्मिक हिउँपहिरो, हिमताल विष्फोट र तीव्र भू-क्षयको पहिलो र उच्च जोखिममा यिनै अमूल्य सम्पदाहरू परिरहेका छन् । जलवायुजन्य जोखिमका कारण हिमाली सभ्यताको अस्तित्व नै धरापमा परेको छ ।

सांस्कृतिक सम्पदामा परेको अदृश्य प्रभाव जलवायु परिवर्तनको यो बहुआयामिक असर केवल भौतिक संरचना वा दृश्य सम्पदामा मात्र सीमित छैन, यसले समुदायको सांस्कृतिक सम्पदामा गहिरो प्रभाव पारेको छ । शेर्पा समुदायका धेरै धार्मिक पर्वहरू, पूजाआजा, रीतिरिवाज र परम्परागत प्राकृतिक चक्रसँग प्रत्यक्ष जोडिएका छन् । तर जब प्रकृतिले आफ्नो स्वरूप बदल्छ र यसरी विनाशकारी रूप लिन थाल्छ, तब स्थानीय समुदायको परम्परागत धार्मिक विश्वास र पुस्तौंदेखि चलिआएको सांस्कृतिक अभ्यासमा पनि मानसिक र आध्यात्मिक विचलन आउन थालेको स्थानीय मिङ्मा शेर्पा बताउँछन् ।

थामेको यो महाविपत्तिपछि स्थानीय समुदायले बगाएका मानेहरूको पुनःनिर्माण, संरक्षण र बाँकी रहेका सम्पदाको सुरक्षाका लागि जोडदार माग गरिरहेका छन् । उनीहरूका अनुसार पुरातत्व विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्थानीय सरकार तथा अन्तर्राष्ट्रिय सम्पदा संरक्षण गर्ने निकायले संयुक्त रूपमा एकीकृत संरक्षण कार्यक्रम सञ्चालन गर्न ढिला भइसकेको छ । *रासस*


**कुवेतमा रोजगार** — कम्पनी: AL-SHUAIBA CEMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ | LT. No. 345064 | चलानी नं. ६०२५८३७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | 0 | 120 | ५९,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 10 | 0 | 170 | ८४,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदबरले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com

**मलेसियामा रोजगार** — कम्पनी: WATCHMAN SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345132 | चलानी नं. ६०२५८३६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 67 | 0 | 1700 | ६४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1428/074/075
AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606, Prithivi Narayan Ray 9851336976
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com

**कुवेतमा रोजगार** — कम्पनी: KUWAIT ASIAN INTERNATIONAL EXCHANGE CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/३१ | LT. No. 345014 | चलानी नं. ६०२५८३५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 3 | 2 | 170 | ८४,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner General | 1 | 1 | 110 | ५४,९४० | | | | | | | |
| 3 | Clerk (Archives) | 2 | 2 | 170 | ८४,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
SPACE HR SOLUTIONS PVT.LTD
Basundhara, Kathmandu; Tel: 01-5925496
E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

**कुवेतमा रोजगार** — कम्पनी: BLEACH BLACK LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345101 | चलानी नं. ६०२५८३५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 5 | 150 | ७४,९०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Makeup Artiest | 0 | 2 | 150 | ७४,९०७ | | | | | | | |
| 3. | Manicurist/pedicurist | 0 | 3 | 150 | ७४,९०७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ८ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**साउदीमा रोजगार** — कम्पनी: SAUFI MODERN INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345128 | चलानी नं. ६०२५८३८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING & UN LOADING STAFF | 1 | 0 | 1200 | ४९,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८५२०० | प्रति तोला – ० | प्रति तोला – ४३२५ |



**ड्रागन स्याहार** | इलामको चुलाचुली गाउँपालिका-२ का वडा सदस्य मैतराज लिम्बूले आठ कठ्ठा क्षेत्रफलमा व्यावसायिक रूपमा गरेको ड्रागन फ्रुट खेतीमा फल लाग्न फुलेर ओइलेको ड्रागनको फूल टिपिँदै । ओइलिएको फूल निकाल्दा फल राम्रो हुने लिम्बु बताउँछन् । *तस्बिरः रामकुमार लिम्बू/रासस*

## गत आवमा ८० प्रतिशत बजेट खर्च

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत आर्थिक वर्ष २०८२/८३ मा सरकारको आम्दानी र खर्च दुवै लक्ष्यभन्दा कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत आवमा वार्षिक लक्ष्यको ८३ दशमलव ५१ प्रतिशत आम्दानी र ८० दशमलव ५५ प्रतिशत खर्च भएको देखिएको हो ।

सरकारले गत आवमा रु १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट ल्याएको थियो । असार मसान्तसम्ममा रु १५ खर्ब ८२ अर्ब १६ करोड ८२ लाख खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकमा देखिन्छ । चालु शीर्षकमा गत आव सरकारले रु ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन गरेकामा त्यसको ८८ दशमलव ४ प्रतिशत खर्च भएको छ । गत आवको कुल चालुगत बजेट खर्च रु १० खर्ब ४३ अर्ब ९९ करोड ६२ लाख छ । पुँजीगत खर्च निकै कमजोर देखिएको छ । यस अवधिमा जम्मा रु एक खर्ब ९० अर्ब ८४ करोड १४ लाख खर्च भएको छ । जुन लक्ष्यको ४६ दशमलव ७९ प्रतिशत मात्र हो ।

गत आर्थिक वर्षका लागि पुँजीगत खर्च रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन गरिएको थियो । त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ४७ अर्ब ३३ करोड छ लाख खर्च भएको छ । जुन खर्च ९२ दशमलव ५६ प्रतिशत हो । वित्तीय व्यवस्था शीर्षकका लागि गत आव रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन गरिएको थियो । सरकारको राजस्व असुली लक्ष्यभन्दा कम देखिएको छ ।

गत आवका लागि सरकारले कुल रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेको थियो । तर, रु १२ खर्ब ८० अर्ब ६५ करोड ३६ लाख मात्र राजस्व संकलन भएको छ । जुन लक्ष्यको ८३ दशमलव ५१ प्रतिशत कम हो । गत आवका लागि सरकारले रु ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान भित्र्याउने लक्ष्य राखेको थियो ॥

## पाँच लाख ६१ हजार मेट्रिकटन मल आपूर्ति

**काठमाडौं (प्रस)–** सरकारले आर्थिक वर्ष २०८२/८३ को असार २४ गतेसम्म पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरेको जनाएको छ । यो परिमाण वार्षिक छ लाख मेट्रिकटन आपूर्तिको लक्ष्यको करिब ९४ प्रतिशत हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गत आर्थिक वर्षका लागि रु २८ अर्ब ८२ करोड १४ लाख बजेट विनियोजन गरिएको थियो । गत असार २४ गतेसम्म चार लाख ९१ हजार ३०० मेट्रिकटन रासायनिक मल खरिदका लागि टेण्डर प्रक्रिया सम्पन्न भएको छ ।

## लागत बढेपछि चपेटामा किसान

**बरहथवा–** बरहथवा नगरपालिका-५ हात्तीडन्डाका दिनेश महतो यतिबेला धान रोपाइमा व्यस्त छन् । बिहीबार खेतमा भेटिएका उनी १५ क√ामा धान रोप्ने तयारीमा छन् ।

समयमा पानी नपरेपछि धान रोपाइँ पनि ढिलो भएको उनले सुनाए । नहर मर्मतका कारण वाग्मती सिँचाइले समेत समयमा पानी छाडेन । अघिल्ला वर्षहरूमा उनले असारको २५ गतेभित्रै धान रोपिसक्थे । यस वर्ष धानको बीउ राख्न ढिलाइ भएका कारण रोपाइँ ढिला भयो । समयमै रोपाइँ गर्न नसक्दा उत्पादन घट्ने र भित्र्याउने समयमा पनि मौसमले दुःख दिने उनलाई चिन्ता छ । अर्कातर्फ खेत जोताउन लागेको लागतले उनलाई चिन्तितः बनाएको छ । उनले भने, 'लागत निकै बढेका कारण खेती गर्न नसक्ने अवस्था सृजना भएको छ ।'

गत वर्ष प्रतिघण्टा रु दुई हजारमा ट्याक्टरले खेत जोत्थ्यो । यस वर्ष भाडा बढेर प्रतिघण्टा दुई हजार ५०० पुगेको छ । सुक्खा खेत जोतेको प्रतिघण्टा रु एक हजार ४०० देखि एक हजार ६०० बाट बढेर रु दुई हजार २०० बराबर पुगेको छ ।

इन्धनको मूल्य
बढेको भन्दै मकैखेतीको समयदेखि नै ट्याक्टर धनीले भाडा बढाएको कृषक महतोले सुनाए । आधारबिना नै मूल्यवृद्धि गरिएकामा उहाँलाई पटक्कै चित्त बुझेको छैन । 'हरेक चिजको मूल्य त्यसको लागतका आधारमा हुनुपर्ने हो, यहाँ



हचुवामा भाडा बढाइन्छ', उनले गुनासो गरे । कृषि क्षेत्रमा भएका यस्ता गलत अभ्यासको नियमन गर्ने निकाय नभएको बागमती नगरपालिका-११ का किसान शंकर सापकोटा बताउँछन् । लागत र उत्पादन दुवैको मूल्य निर्धारण गर्ने अधिकार किसानसँग नहुनु दुःखद् भएको उनको गुनासो छ । मलखादको अवस्था उस्तै छ । 'राज्यले दिएको अनुदानमा समेत व्यापारीले आफूखुसी मूल्य तोक्ने र किसानको ढाड सेक्ने गर्छन्', सापकोटाले भने, 'जिल्ला दररेटअनुसार कृषि मजदुरको लागि आठ घण्टा काम गरेको रु ५५० ज्याला तोकिएको छ । तर यहाँ तोकिएभन्दा बढी लिइन्छ ।'

पछिल्ला केही वर्षदेखि खेत जोत्न र कृषि सामग्री ढुवानीको एकमात्र विकल्प ट्याक्टर बनेको छ । तर, यसको लागत मूल्य व्यवस्थापनमा कुनै निकायले ध्यान दिएको छैन । सोही कारण किसान सबैभन्दा ठूलो मर्कामा पर्दै आएको हरिवन नगरपालिका-५ का किसान सजनीकुमारी स्याङ्तानको गुनासो छ । ट्याक्टर धनीले समेत थोरै समयमा धेरै कमाउने लालासाका कारण किसानको उत्पादनमा अत्यधिक लागत बढेको उनको दाबी छ ।

खेत जोत्न र कृषि उपज ढुवानीमा प्रयोग हुँदै आएको ट्याक्टरको लागत मूल्य निर्धारण गर्ने वा नियमन गर्ने अभ्यास अहिलेसम्म नभएको बागमती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्माको भनाइ छ । यसको क्षेत्राधिकार पालिकाको भए पनि अभ्यास अहिलेसम्म नभएकाले किसानलाई समस्या परेको उनको कथन छ ।

पालिकाका केही साना किसानले खेत जोताइ तथा कृषि सामग्री ढुवानी लागत मनलाग्दी भएको भन्दै पालिकामा गुनासो गरेको उनले सुनाए । प्रमुख जिल्ला अधिकारी संयोजक रहने जिल्ला दररेट निर्धारण समितिले हरेक वर्ष लागतका आधारमा खरिद मूल्य तय गर्ने गरेको छ । हरेक वर्ष तय भएको दररेट एक आर्थिक वर्षका लागि मान्य हुन्छ । जिल्लाभरि कायम हुन्छ ।

निर्धारण भएको दररेटमा कृषि मजदुरको ज्यालामात्र उल्लेख हुने गरेको प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीले बताए । आगामी वर्षको जिल्ला दररेट तय गर्दा भने यस विषयमा छलफल गरिने उनको भनाइ छ । प्रमुख जिल्ला अधिकारी सुवेदीले स्थानीय सरकारसँग किसानका समस्या समाधानको लागि ऐन बनाउने र कार्यान्वयन गर्ने अधिकार भएकाले पहिलो दायित्व पनि उनीहरूकै भएको तथ्य स्मरण गराए ।

पालिकाले ट्याक्टर धनीसँगको छलफलबाट उचित लागत मूल्य तय गर्नुपर्ने उनको कथन छ । सर्लाहीमा २० वटा स्थानीय तह छन् । यहाँ कुनै पनि पालिकामा कृषि उपकरणको प्रयोग र त्यसको लागत मूल्यको विषयमा ऐन वा कार्यविधि निर्माण भएको छैन । व्यवसायिक रूपमा खेत जोत्ने तथा ढुवानी गर्ने उपकरण सञ्चालकले आफूखुसी मूल्य निर्धारण गर्ने र किसानसँग पैसा लिने गरेको साना किसानको गुनासो छ । यो गुनासो सम्बोधन गर्न स्थानीय सरकार थप सक्रिय हुनुपर्ने आवश्यकता छ । *रासस*

## 'स्वदेशी जुत्ता चप्पलको निर्यातमा सहजीकरण हुन्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले स्वदेशमा उत्पादित जुत्ता-चप्पलको निर्यात प्रवर्द्धनमा सरकारले आवश्यक सहजीकरण गर्नेमा प्रतिबद्धता जनाएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार फुटवेयर म्यानुफ्याक्चरर्स एशोसिएसन अफ नेपाल (एफएमएएन)का पदाधिकारी र सदस्यसँग छलफलमा प्रधानमन्त्री शाहले जुत्ता चप्पलको आयात प्रतिस्थापन तथा रोजगारी सिर्जना लागि आवश्यक सहयोग पुऱ्याउने बताए ।

उनले तीन वटै तहको सरकारको समन्वयमा जुत्ता चप्पल उत्पादनसम्बन्धी सीपमूलक तालिम सञ्चालन तथा नेपाली जुत्ता-चप्पलको प्रवर्द्धन तथा बजारीकरणमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने बताए । यस्तै, उद्योगको उत्पादन क्षमताअनुसार कच्चा पदार्थ आयातको सीमामा ट्र्याकिङ तथा अभिलेख व्यवस्थापन प्रभावकारी बनाइने उनको भनाइ थियो ।

छलफलमा संघका पदाधिकारी तथा सदस्यले विभिन्न सीमा नाकाबाट हुने अवैध चोरी पैठारी नियन्त्रण गर्न, करको दायराबाहिर रहेका अन्तरराष्ट्रिय तथा राष्ट्रिय उत्पादनलाई कानुनी दायरामा ल्याउन, गुणस्तरहीन जुत्ता-चप्पलको आयात नियन्त्रण गर्न तथा आयातित जुत्ता-चप्पलमा अनिवार्य गुणस्तर परीक्षण लागू गर्न प्रधानमन्त्री शाहको ध्यानाकर्षण गराएका थिए ।

साथै, उनीहरूले सरकारबाट आवश्यक नीतिगत सहयोग, बजार संरक्षण र उद्योगमैत्री व्यवस्था भए स्वदेशी जुत्ता-चप्पल उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सक्ने विश्वास दिलाएका थिए ।

संघका अध्यक्ष सुरज बञ्जाडे, निवर्तमान अध्यक्ष रुद्र न्यौपाने, महासचिव निर्मल भट्टराई, सल्लाहकार कालिदास गौतम, सदस्य एवं प्रतिनिधिसभा सदस्य विदुषी राणालगायतको सहभागिता थियो ।

## नेप्सेमा ८० अंकको उछाल

**काठमाडौं (प्रस)–** नयाँ आर्थिक वर्षको पहिलो दिन धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक उच्च अंकले बढेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ७९ दशमलव ७४ अंकले बढेर दुई हजार ६७७ दशमलव ५४ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११ दशमलव ५१ अंकले उकालो लागेर ४६८ दशमलव ३८ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक पाँच दशमलव ४५ अंकले बढेर एक सय ८४ दशमलव ०३ मा पुगेको छ ।

यस्तै सेन्सेटिभ फ्लोट सूचक भने चार दशमलव १३ अंकले बढेर एक सय ५८ दशमलव ५६ मा पुगेको छ । आज विभिन्न कम्पनीका एक करोड तीन लाख ८९ हजार ७७ कित्ता सेयर रु चार अर्ब ५७ करोड ५० लाख ९४ हजार सात सय २३ मूल्यमा खरिद बिक्री भएको छ ।

साथै १३ उपसमूहमध्ये १२ उपसमूह बढ्यो भने एक उपसमूह घटेको छ । आज दुई सय ५९ कम्पनीको सेयर बढ्यो भने १३ कम्पनीको सेयर घट्यो । त्यसैगरी दुई कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार श्रीनगर एग्रिटेक इन्डष्ट्रिज, सूर्यकुण्ड हाइड्रोपावर, शिखर पावर डेभलममेन्टका लगानीकर्ताले कमाएका छन् । त्यस्तै गरी आत्मनिर्भर लघुवित्त वित्तीय संस्था, फष्ट माइक्रो फाइन्नास आरबिबि लगायतका लगानीकर्ताले गुमाएका छन् ।

## मुगु र बाजुरामा टेलिकमको 'फोरजी'

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले मुगु र बाजुराका दुर्गम हिमाली बस्तीमा फोरजी सेवा विस्तार गरेको छ । टेलिकमले मुगुको सोरु गाउँपालिका-६ सोरुकोट तथा बाजुराको हिमाली गाउँपालिका-१ बिच्छ्याको नेटा र वडा नं ५ कुवाडी क्षेत्रमा फोरजी सेवा सञ्चालनमा ल्याएको हो । सोरुकोटमा सेवा शुभारम्भका अवसरमा आयोजित कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सरकारी निकायका प्रतिनिधि, नेपाल टेलिकमका प्राविधिक कर्मचारी तथा स्थानीयवासीको उल्लेख्य सहभागिता थियो ।

कार्यक्रममा सोरु गाउँपालिकाका अध्यक्ष धर्मबहादुर शाही र उपाध्यक्ष केशरबहादुर शाहीले दुर्गम क्षेत्रमा आधुनिक दूरसञ्चार सेवा विस्तार हुनु स्थानीय नागरिकका लागि ऐतिहासिक उपलब्धि भएको उल्लेख गर्दै सेवाको दिगो सञ्चालन, संरक्षण तथा आवश्यकताअनुसार क्षमता विस्तारका लागि गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

नेपाल टेलिकमका अनुसार बिच्छ्याको नेटामा जडान गरिएको फोरजी टावरबाट कोट, नेटा, बाम, बौडी, यौना, नातीखोलालगायत गुम्बासम्म तथा बाजुराबाट रानिसैन पुग्ने पदमार्गसम्म सेवा पुगेको छ । त्यसैगरी कुवाडी खोलाको संगम आसपासका गाउँ तथा हुम्लाको ताँजाकोट गाउँपालिका-२ जाने मार्गमा पनि फोरजी सेवाको पहुँच विस्तार भएको छ ।




फोरजी सेवा सञ्चालनमा आएसँगै स्थानीयवासीले उच्च गतिको मोबाइल इन्टरनेट, गुणस्तरीय भ्वाइस सेवा तथा एसएमएस सेवाको सहज लाभ लिनसक्ने नेपाल टेलिकमले जनाएको छ । यसबाट स्थानीय आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्नुका साथै सूचना, शिक्षा, स्वास्थ्य तथा सरकारी सेवामा नागरिकको पहुँच थप सहज हुने अपेक्षा गरिएको छ ।

नेपाल टेलिकमले 'राष्ट्रको सञ्चार' भन्ने आफ्नो प्रतिबद्धताअनुरूप देशका सुगमदेखि अतिदुर्गम क्षेत्रसम्म अत्याधुनिक दूरसञ्चार सेवा र सूचना प्रविधिको पहुँच विस्तार गर्ने अभियानलाई निरन्तरता दिएको जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ